
# थाहा

## जनप्रतिनिधिको ५ वर्ष



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहा

## (जनप्रतिनिधिको ५ वर्ष)

लेखक/सम्पादक
कुमार नेगी

प्रकाशक
थाहा नगरपालिका
नगर कार्यपालिका
इन्द्रायणी चौर, मकवानपुर

# थाहा

## (जनप्रतिनिधिको ५ वर्ष)

प्रकाशक
थाहा नगरपालिका
नगर कार्यपालिका
इन्द्रायणी चौर, मकवानपुर

सर्वाधिकार
थाहा नगरपालिका

प्रकाशन वर्ष
वि. सं. २०७९

डिजाइन
आरभ क्रियशन
ओखरबजार, थाहा नगरपालिका

कम्प्युटर
थाहा टाइम्स मिडिया प्रा. लि.
शिखरकोट, थाहा नगरपालिका

मुद्रण
मैना प्रिन्ट एण्ड मिडिया प्रा. लि.
बागबजार, काठमाडौँ

# मन्तव्य



लवशेर बिष्ट
नगर प्रमुख

नेपालको संविधानले नेपाललाई समाजवाद उन्मुख राज्यका रूपमा परिभाषित गरेको छ । यस जगमा उभिएर समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने विषयलाई राज्यको प्रमुख आर्थिक उद्देश्य बनाइएको छ । यो आर्थिक उद्देश्य प्राप्त गर्न सरकारले राष्ट्रिय स्तरमा समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच अघि सारेको छ । नेपाल सरकारको त्यो सोच स्थानीय तहले सम्भावित स्रोतको समुचित र प्रभावकारी ढंगले आकलन, परिचालन र व्यवस्थापन गर्न सकेको खण्डमा मात्र पूरा हुनेछ । यही सोचका साथ २०७४ सालमा स्थानीय तह निर्वाचन सम्पन्न भई जनप्रतिनिधिको रुपमा थाहा नगरपालिकाको नेतृत्वमा आएपछि हामीले कार्य गर्दै आएको विदितै छ । जनप्रतिनिधिहरुको पहिलो कार्यकाल सकिन लाग्दा विभिन्न कोण र आयामहरुबाट जनप्रतिनिधिको पहिलो कार्यकालको समीक्षा र त्यसबाट आगामी समयको दिशा निर्देश गर्नु उचित ठहरिन्छ । थाहा आन्दोलनका प्रणेता रुपचन्द्र विष्टको जीवनदर्शनबाट प्रेरित यस नगर पालिकाको जनप्रतिनिधिहरुको पहिलो अवधिलाई विविध सूचक र आधारहरुबाट मूल्याङ्कन गर्न सकिएला, यहाँ भने हामीले स्थानीय नागरिकहरुले देखिने, भेटिने र सकारात्मक अनुभव गर्नेगरी भएका केही झलकहरुलाई तस्विर र शब्दमा उतार्ने प्रयास गरेका छौं ।

यस पुस्तकमा समावेश भएका विषयवस्तुहरु थाहा नगरपालिका सरसर्ती उदाहरण मात्र हुन् । नगरपालिकाको आफ्नो श्रोत र साधनको अतिरिक्त जनसहभागिता, प्रदेश तथा संघीय सरकारको तर्फबाट नगरभित्र सञ्चालित योजना तथा कार्यक्रमहरुसमेतलाई समेटेर यो पुस्तक तयार पारिएको हो । उपलब्ध स्रोतहरूको उच्चतम परिचालन र लगानी गर्दै प्रतिफल लिन सक्ने अवसरलाई चिनेर सही समयमा पकड्ने क्रममा थाहा नगरपालिकाले ५ वर्षको अवधिमै केही होइन, धेरै गरेको छ भन्नमा हामीलाई कुनै अप्ठ्यारो छैन । र, अझ गर्न धेरै बाँकी छन् भन्ने पनि हाम्रो भनाइ रहेको छ । थाहा नगरपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासमार्फत समुन्नत र समृद्ध समाजको जग बसाउने र 'समृद्ध नेपाल, सुखी नेपाली' को आधारस्तम्भ तयार गर्ने अवसरलाई हामीले भरमग्दुर प्रयोग गरेका छौं । यस बीचमा सार्वजनिक खर्चलाई मितव्ययी बनाउनेबारे आधार दिने, पूँजीगत खर्चलाई नतिजामुखी बनाउन आधार खडा गर्ने,स्थानीय गौरव तथा स्थानीय तहको प्राथमिकतामा परेका परियोजनाका लागि स्रोतको अभाव हुन नदिने, पूँजीगत खर्चको गुणस्तरीयता र प्रभावकारिता बढाउनेजस्ता कार्यहरू अगाडि बढाइएका छन् । यसैको परिणामस्वरुप जनस्तरमा देखिएका विकासका झलकहरुलाई पुस्तकमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा, यो पुस्तिका प्रकाशनको दौडानमा सहयोग गर्ने थाहा नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपाली, प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, वडा अध्यक्षहरु, सूचना अधिकारी सुरजकुमार भुजेल, नगरपालिकाका कर्मचारीहरु लगायत नगरपालिका परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी प्रकाशन कार्यमा प्राविधिकरुपले सहयोग पुऱ्याउने थाहा टाइम्स मिडिया, लेखन र सम्पादनको जिम्मेवारी लिनुहुने कुमार नेगी, डिजाइनको जिम्मेवारी लिनुहुने आरभ क्रियशनका सञ्चालक जर्म श्रेष्ठ लगायतलाई धन्यवाद नदिइरहन सकिन्न । यसमा प्रस्तुत विकासको झलकले आगामी दिनमा थप जिम्मेवारीका साथ काम गर्ने प्रेरणा मिल्नेछ भन्नेमा म दृढ विश्वस्त छु ।

# मन्तव्य



खड्गबहादुर गोपाली
नगर उपप्रमुख

नेपालको संबिधान २०७२ ले स्थानीय तहलाई घरदैलोको सरकारको रुपमा प्रस्तुत गरेको छ । स्थानीय तहका २१ वटा एकल अधिकारहरु र अन्य साझा अधिकारका सूचीहरुलाई संबैधानिक रुपमै स्पष्ट गरिएको छ । सो अधिकारहरुलाई कार्यान्वयन गर्ने क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्य आवश्यक ऐन, नियम, विनियम, निर्देशिका र कार्यविधिहरुको आधारमा थाहा नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक गतिविधिहरु सञ्चालन गर्दै आएको छ । यस क्रममा नागरिकहरुको सर्वोत्तम हितलाई अधिकतम ध्यान दिएर काम गरिरहेको छ ।

विदितै भएको कुरा हो कि नगर उपप्रमुखले अन्य तोकिएका कार्यहरुको साथमा खासगरी नगरमा सञ्चालित योजनाहरुको अनुगमन गर्नुपर्दछ । यस शिलशिलामा हामीले नगरपालिकाका तर्फबाट आवश्यक अनुगमन गर्नुका साथै उपयुक्त सुझाव र सल्लाह दिँदै आइरहेको जगजाहेर नै छ । खासमा प्रतिवद्ध जनप्रतिनिधि, सशक्त उपभोक्ता समिति र चनाखो समुदायका कारण वडावस्तीका योजनाहरु प्रभावकारी भएकै छन् । एकाधबाहेक अनुगमनको क्रममा फरफारक नै नहुने गरी गतिविधि रोकिएको अवस्था छैन । यस पुस्तिकामा प्रस्तुत गरिएका विकास योजनाका तस्वीर हरुले सबैको साझा प्रयासको फलस्वरुप प्राप्त उपलब्धीहरुलाई यथार्थरुपमा प्रस्तुत गरेको पाएको छु । यसले हाम्रो अनुगमनले औंल्याएजस्तै समग्रमा विकासले गति लिएको र एउटा खास खाका चित्रित भएको आम अनुभव हुनेछ भन्नेमा विश्वास लिएको छु ।

थाहा नगरपालिकाको विगतको कुरा गर्दा शुरुका वर्ष जनप्रतिनिधिहरुमा अनुभवको कमी तथा जनतामा आम अपेक्षाका कारण एउटै वडामा झण्डै ३० वटाको हाराहारीमा योजनाहरु छनोट हुँदा विकासको रुप देख्न नसकिएको तीतो यथार्थ सबैसामु छर्लङ्गै छ । हाम्रो अनुगमनले पनि त्यसरी विकास सम्भव नहुने ठहर गरेको थियो । त्यसपछिका वर्षहरुमा अघिल्लो वर्षको सिकाइलाई आत्मसात गरी विकासको नयाँ शर्त र मापदण्डहरु निर्धारण भएअनुसार विकासका यथार्थ तस्वीरहरु पनि अन्तर्भावित हुँदै गए । तिनै यथार्थतालाई नगरकै महत्वपूर्ण दस्तावेजको रुपमा प्रकाशित यस पुस्तिकाले समेटेको छ ।

प्रस्तुत पुस्तिकाले समग्रमा वडास्तरमा सञ्चालित र सम्पन्न विकास गतिविधिहरुलाई प्राथमिकता दिएको छ । त्यसो त वडातहभन्दा धेरै परसम्म लाभ पुग्ने योजनाहरुलाई पनि यसमा समेटिएको छ । यस पुस्तिका प्रकाशनमा अहोरात्र खटिनुहुने सबै मित्रहरु धन्यवादका पात्र हुनुहुन्छ । यसमा समावेश भएका तस्वीर र विषयवस्तुका सन्दर्भमा आम थाहानगरवासी, शुभचिन्तक तथा पाठकहरुबाट यथोचित सुझाव, सल्लाह र प्रतिक्रिया प्राप्त हुने नै छ भन्ने विश्वास लिएको छु ।

# लेखकीय

राज्यको पुनर्सरचनापछि २०७४ सालमा स्थानीय तहको निर्वाचन भई थाहा नगरपालिकामा जनप्रनिनिधि आएपछिको अवधिमा नगरमा केकस्ता परिवर्तनहरु भए ? संविधानले परिकल्पना गरेजस्तो घरदैलोमा भेटिने भनिएको स्थानीय सरकारको काम के-कस्ता रहे ? यस्ता प्रश्नहरुको उत्तर एउटै पुस्तकबाट दिन सकियोस् भन्ने हेतुले थाहा नगर पालिकाले गत नगरसभामा थाहा नगरपालिकाको प्रगति पुस्तिका प्रकाशन गर्ने निर्णय गरेको थियो । यसलाई आर्थिक वर्षको शुरुमै प्रकाशन गर्ने लक्ष्य राखिएको भए तापनि कतिपय विकासका कार्यहरु जारी रहेको र अधुरै रहेको अवस्थामा तिनलाई समेत समेटेर सकेसम्म पूर्णरुपले आकार दिने सोच राखिएको थियो । यही सेरोफेरोमा सकेसम्म नगरपालिकाका सबै विषय र क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ ।

पुस्तकमा थाहा नगरपालिकाका १२ वटै वडाका विकासको अवस्थालाई चित्रण गर्ने प्रयास गरिएको छ । आर्थिक, सामाजिक, भौगोलिक तथा विविध कारणले नगरका सबै वडाहरुको विकास समान ढङ्गले हुन नसकिरहेको भए तापनि उपलब्ध श्रोत र साधनको अधिकतम प्रयोगबाट उदाहरणीय र नमुना बनेका प्रत्येक वडाका सरदर १० वटा सन्दर्भहरुलाई पुस्तकमा समेट्ने प्रयास गरिएको छ । यस क्रममा नगरप्रमुख, नगर उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु, विषयगत शाखाका कर्मचारीहरु, स्थानीय सरोकारवालाहरुसँगको कुराकानी, स्थलगत अवलोकन, लाभग्राहीहरुसँग प्रत्यक्ष भेटघाट, नगरपालिकाबाट यसअघि प्रकाशित विभिन्न पुस्तक, पुस्तिका, प्रतिवेदन आदिलाई आधार लिइएको थियो ।

पुस्तकमा सकेसम्म सरल र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । शब्दले भन्दा तस्वीरले बढी बोल्ने क्षमता राख्ने हुँदा प्रत्येक सन्दर्भलाई सकेसम्म फरक-फरक कोणको तस्वीर ले प्रष्ट्याउने प्रयत्न गरिएको छ । शीर्षकहरुको चयन गर्दा झट्ट हेर्नेवित्तिकै पाठकको जिब्रोमा झुण्डिने र विकासको महशुस गराउने गरी छान्ने प्रयास गरिएको छ । थोरै शब्द र सरल वाक्यहरुबाट विषयङप्रसङ्गलाई व्याख्या गर्ने प्रयास गरिएको छ ।

अन्त्यमा, पुस्तक प्रकाशनको लागि अघि बढ्ने थाहा नगरपालिका र लेखनको जिम्मेवारी दिने थाहा टाइम्स मिडियाप्रति आभारी छु । विद्वत वर्ग तथा पाठकहरुबाट प्राप्त हुने रचनात्मक सुझाव र सल्लाहले हामीलाई सदैव अघि बढ्ने हौसला मिलिरहनेछ ।

**-कुमार नेगी**

# कार्यपालिका



लवशेर विष्ट
नगर प्रमुख




खड्गबहादुर गोपाली
नगर प्रमुख



हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत



हेरमान गोपाली
वडा अध्यक्ष, वडा नं. १




गुप्तबहादुर कार्की
वडा अध्यक्ष, वडा नं. २



राजेश केसी
वडा अध्यक्ष, वडा नं. ३



दिपक सिं लामा
वडा अध्यक्ष, वडा नं. ४



विष्णुबहादुर गुरुङ
वडा अध्यक्ष, वडा नं. ५



शशिधर सुवेदी
वडा अध्यक्ष, वडा नं. ६



सनम सिं मोक्तान
वडा अध्यक्ष, वडा नं. ७



टिकाराम रुम्बा
वडा अध्यक्ष, वडा नं. ८



पर्शुराम श्रेष्ठ
वडा अध्यक्ष, वडा नं. ९



हिराबहादुर गमाल
वडा अध्यक्ष, वडा नं. १०



किरणमान बल
वडा अध्यक्ष, वडा नं. ११



मानबहादुर स्याङ्तान
वडा अध्यक्ष, वडा नं. १२

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| नगरपालिकाको सङक्षिप्त परिचय | १ |
| पर्यटकको रोजाइ : चरी र खुकुरी | ४ |
| अब ढुक्कले सिँचाइ | ५ |
| सुविधायुक्त क्वारेन्टाइन | ६ |
| जिल्लामा सँधै उत्कृष्ट | ७ |
| चिटिक्क मन्दिर | ८ |
| सिस्नुलाई पैसा बनाउँदै | ९ |
| पाण्डुकेश्वर भिलिक्क, तामाको छानो टिलिक्क | १० |
| दूध बेचेरै मनग्गे | ११ |
| धर्मशालाको मुहार फेरिँदै | १२ |
| मुस्कान झरना | १३ |
| घरनजिकै ११ र १२ पढाइ | १४ |
| विरामीलाई सुविधा, आँगनमै स्वास्थ्य सेवा | १५ |
| जिरो होम डेलीभरी | १६ |
| अनि मेटियो तिर्खा | १७ |
| जहाँ विरामीलाई सुविधै-सुविधा | १८ |
| आफ्नै भवनबाट सेवा | १९ |
| बन्यो बसपार्क | २० |
| घरैपिच्छे दुहुना भैंसी | २१ |
| न्याय नपाए न्यायिक समिति | २२ |
| स्थानीयलाई रोजगारी, पाहुनालाई कोसेली | २३ |
| वडामै १५० कि. मि. सडक | २४ |
| मेशिनले मकै छोडाउँछ, कोदो पनि चुट्छ | २५ |
| सबैको चासो सडकमा | २६ |
| मल्चिङ प्रविधि : लागत कम, उत्पादन बढी | २७ |
| ११-१२ पढ्न गाउँमै सुविधा | २८ |
| बन्दैछ थाहा सङ्ग्रहालय | २९ |
| बज्रवाराही थान अब धार्मिक पर्यटकीय क्षेत्र | ३० |
| हिजोको कप्पु युङ्वा, आजको नर्वे ढुङ्गा | ३१ |
| धार्मिक पर्यटनको केन्द्र गोरखनाथ | ३२ |
| ढुङ्गेधाराको पुनर्जीवन | ३३ |
| गोरु हराए, यन्त्र भित्रिए | ३४ |
| जोगाउँदै परम्परा | ३५ |
| कर्मचारीलाई राष्ट्रिय पुरस्कार | ३६ |
| टिस्टुङ पहिचान स्तम्भ | ३७ |
| काठमाडौंको सेतु चन्द्रागिरी हिल स्टेशन | ३८ |
| चिटिक्क मन्दिर | ३९ |
| शङ्खमूलको प्रकाश | ४० |
| अब सीमभञ्ज्याङमा सात ताल | ४१ |
| टोलमै हाइ-वे | ४२ |
| रोकियो बालबिवाह | ४३ |
| कृत्रिम गर्भाधान, एउटा समाधान | ४४ |
| सूचना प्रविधिमा अब्बल | ४५ |
| टोलटोलमा जोडियो सडक | ४६ |
| बन्दै शीतभण्डार, किसान मक्ख | ४७ |
| नयाँ गन्तव्य सीतापाइला | ४८ |
| प्राविधिक शिक्षामा फड्को | ४९ |
| माविसम्म सबै विद्यार्थीलाई खाजा | ५० |
| चिटिक्क पापुङ बस्ती | ५१ |
| गुम्बामा चासो | ५२ |
| सबै विद्यालयमा कम्प्युटर | ५३ |
| भित्रियो डिप बोरिङ प्रविधि | ५४ |

| शीर्षक | पेज नं. |
|---|---|
| कुलो : मूल्य ठूलो | ५५ |
| नगरको फरक अभ्यास | ५६ |
| अब नगरमै अस्पताल | ५७ |
| आलु-काउली, हेर्रैरै रमाउली | ५८ |
| नेपालकै लामो भऱ्याङ | ५९ |
| बल्ल बल्यो बिजुली | ६० |
| बाँदर भगाउँदै | ६१ |
| टर्कीको ओखर : रोपेकै वर्ष फल | ६२ |
| वडाका १६० परिवारलाई निःशुल्क बीमा | ६३ |
| खोला कटाएर खेल मैदान | ६४ |
| ठडियो भवन, शुरु भयो स्वास्थ्य सेवा | ६५ |
| बाइबाइ क्षयरोग | ६६ |
| बोयर बाख्रा श्रोत केन्द्र | ६७ |
| ज्योति फर्काउँदै  आँखा केन्द्र | ६८ |
| चिटिक्क इन्द्रायणी माइ | ६९ |
| वडाको बजेट वडामै एम्बुलेन्स | ७० |
| टोलटोलमा सडक | ७१ |
| अब आफ्नै पाठ्यक्रम | ७२ |
| लौ आयो नयाँ दुरविन | ७३ |
| भित्रियो शव-वाहन | ७४ |
| ठाउँठाउँमा आराम स्थल | ७५ |
| सिँढी चढेर रमाइलो डाँडा | ७६ |
| थाहानगरको गौरव | ७७ |
| बेरुजु फछ्र्यौटमा सवोत्कृष्ट | ७८ |
| आहा ! स्वाथ्य भवन | ७९ |
| पर्यटकीय गन्तव्य गाउँ | ८० |
| आहा ! डाँडाबास पार्क | ८१ |

| शीर्षक | पेज नं. |
|---|---|
| विद्यालयमा बस आएपछि.. | ८२ |
| वडाले दियो ब्याडको बोका | ८३ |
| ड्रिम प्रोजेक्ट : थाहा पर्यटन पार्क | ८४ |
| आरोग्य केन्द्रमा सेवा लिने बढ्दै | ८५ |
| घटना दर्ता अनलाइनबाट | ८६ |
| अब आफ्नै अक्सिजन प्लान्ट | ८७ |
| परीक्षणमा चिया बगान | ८८ |
| बृहद् खानेपानी योजना | ८९ |
| विपदमा सामुदायिक शेल्टर | ९० |
| फेरियो डबलीको मुहार | ९१ |
| एकसाथ दुईवटा पक्की पुल | ९२ |
| कक्षा : पहिले पाँच, अहिले आठ | ९३ |
| राष्ट्रिय विभूति पार्क | ९४ |
| युवाहरुले सिके धिमे बाजा | ९५ |
| गाउँको सीप, गाउँमै व्यवसाय | ९६ |
| वडामै आइसोलेशन | ९७ |
| जोनले दिएको खुशी | ९८ |
| वडाको बजेट : २०० परिवारलाई बीमा | ९९ |
| कोभिड-१९ : दिनदिनै हिसाब | १०० |
| प्रहरीलाई पक्की घर | १०१ |
| पुरातत्व विभागको आँखामा अशोक चैत्य | १०२ |
| वडाको बजेट कृषिमा | १०३ |
| फुटबलमा पालिका च्याम्पियन | १०४ |
| आफ्नो वडा, आफ्नै कार्यालय | १०५ |
| घरमा धारा, धारामा मिटर | १०६ |
| चित्लाङको कथा बोल्ने सात धारा | १०७ |

# थाहा नगरपालिकाको सङ्क्षिप्त परिचय

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको मध्यमाअञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने नारायणी अञ्चलको पहाडी जिल्ला मकवानपुर एक हो । भौगोलिक विविधता पाखा, पखेरा, जंगल, खोल्सा, खोल्सी, खोंच र बेंसि तथा अन्य प्रकृति सम्पदाहरुले भरिएको यस जिल्लाको साविकका गा.वि.स.हरु मध्ये थाहा न.पा., आग्रा, टिस्टुङ र चित्लाङ गाविसलाई समायोजन गरी थाहा नगरपालिका गठन गरिएको हो ।

२०७३ सालमा गठित स्थानीय निकाय पूनःसंरचना आयोगले गरेको सिफारिस बमोजिम मकवानपुर जिल्लामा २ वटा नगरपालिका र ८ वटा गाउँपालिकामा विभाजित भएको छ । २ वटा नगरपालिका मध्ये थाहा नगरपालिका पर्यटन तथा कृषि क्षेत्रमासक्षम, यातायातका दृष्टिले केहि दुर्गम, जातजातिको हिसावले केही बढी तामाङ जातीको बाहुल्यता तथा अन्य सबै मिश्रित जातीको बसोबास रहेको दखिन्छ ।

कुल क्षेत्रफल १९१.१२ वर्ग कि.मि. रहेको यस थाहा नगरपालिका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले एक प्रमुख पर्यटकिय गन्तब्य नगर हो । यस नगरपालिका मध्ये नेपालमा पर्ने मकवानपुर जिल्लाको दोश्रो नगरपालिका हो । जिल्लाको उत्तरी क्षेत्रमा पर्ने साविक पहाडी गा.वि.स.हरु दामन, पालुङ, बज्रबारही, टिस्टुङ, चित्लाङ र आग्रा गा.वि.स.को सम्पूर्ण भूभाग समेटेर यो नगरपालिका घोषणा भएको हो । जनतालाई सुनिश्चित एवम् जागरुप बन्न अभिप्रेरित गर्दै थाहा अभियान चलाउनु हुने स्वर्गीय रुपचन्द्र विष्टको स्मरण गर्दै यस नगरपालिकाको नाम थाहा नगरपालिका राखिएको छ ।

यो नगरपालिका महाभारत श्रृखलाको मध्य भागमा उपत्यकाको रुपमा रहेको छ । यस नगर क्षेत्रको उच्च भागमा रहेको दामन भ्युटावर विश्वको सर्वोच्च शिखर सगरमाथासहित पच्चीस भन्दा बढी उच्च हिमशिखरहरुको प्रत्यक्ष मनमोहक दृश्यावलोकन गर्न सकिन्छ, जुन पर्यटकहरुको आकर्षणको लागि महत्वपूर्ण स्थलको रुपमा रहेको छ । आकर्षक पदमार्गको सम्भावना बोकेको शितोष्ण हावापानी, विभिन्न धार्मिक स्थलहरु, प्रशस्त जैविक विविधता जस्ता सम्पदाहरु रहेका कारण यस नगरलाई पर्यटकिय नगरको रुपमा विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ ।

प्रशस्त उर्वर कृषिभूमि यस क्षेत्रको अर्को वरदान सावित हुँदै गएको देखिन्छ । यस क्षेत्रका किसानहरुले वार्षिक एक अर्ब बढीको तरकारी मात्र देशका प्रमुख शहरहरु र छिमेकी देश भारतमा समेत निर्यात गर्ने गर्दछन् । मुलुकको सबैभन्दा जेठो राजमार्ग त्रिभुवन राजपथले करिब बीच भागबाट चिर्दै तराई र नेपालको राजधानी काठमाण्डौ जोडेको छ । जिल्ला सदरमुकाम र राजधानी काठमाण्डौको करिब बीच भागमा पर्छ भने नगरको चित्लाङ क्षेत्रबाट ७ कि.मि. दुरीमा काठमाण्डौ शहर रहेको छ । यसका बाबजुद पनि थाहानगरले आन्तरिक एवम् बाह्य पर्यटकलाई आकर्षण गर्न नसकिरहेको अवस्थामा भोलीका दिनमा काठमाण्डौमा आउने विदेशी पर्यटकहरुलाई यस नगरतर्फ सरल एवम् सहज ढंगले आकर्षक गर्न प्रशस्त संभावना रहेको देखिन्छ ।

यस नगरपालिकाको वडा नं. ६ बज्रबाराहीमा रहेको अंशु वर्माको शीलालेख, वि.स. १८१७ पौष १७ गते शुक्रवार पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानको क्रममा गोरखाली फौजसंग युद्धमा पराजित भई नेपालमा गाभिनुअघिको पालुङ दरबार हालसम्म पनि भग्नावेशको रुपमा रहेको छ । जुन पुरातात्विक दृष्टिकोणले अध्ययन गर्न आउने विदेशी पर्यटकहरुको लागि एक आकर्षण केन्द्रको रुपमा

विकास गर्न सकिन्छ । प्रख्यात सिमभञ्ज्याङ, दामन भ्युटावर, कोटथुम्की, प्रसिद्ध ऋषेश्वर मन्दिर, गोरखनाथ, पाण्डुकेश्वर, मनकामना मन्दिर, चित्लाङको अशोक चैत्य, आग्राको गुफा, नगरका विभिन्न गाउँहरुमा रहेको प्राचीन शैलीका वस्तीहरु पर्यटकलाई लोभ्याउने थाहा नगरका सम्पत्तिहरु हुन् । टिस्टुङका विभिन्न परम्परागत तामाङ भेषभुषा तथा रीतिरिवाज, स्वर्गीय लक्ष्मी प्रसाद देवकोटाले यात्री कविता रचेको क्षेत्र तथा काठमाण्डौ प्रवेश गर्ने पुरानो नाका आफैमा पर्यटकीय महत्व बोकेको ठाउँको रुपमा परिचित छ । चित्लाङ, बज्रबाराही तथा दामनमा रहेको नेपालकै पुरानो इतिहास बोकेको गोपालवंशीहरुको बसोवास रहेको छ । उनीहरुको परम्परा तथा रितिरिवाजहरु पर्यटकका लागि अब्बल क्षेत्रहरु हुन् ।

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविकका गाविसहरु | साविकका वडा नं. |
|---|---|---|
| १ | पालुङ १, २ र बज्रबाराही ६ र ७ | १, १२ |
| २ | पालुङ ३, ४, ५, ६, ७, ८ र ९ | २-५ |
| ३ | दामन १, २, ३ र ४ | ६, ७ |
| ४ | दामन ५, ६ र ७ | ८, ९ |
| ५ | दामन ८, ९ र बज्रबाराही ८ र ९ | १०, ११ |
| ६ | बज्रबाराही १, २, ३, ४ र ५ | १३-१५ |
| ७ | आग्रा २, ३, ४, ५ र ६ | २-६ |
| ८ | आग्रा १, ७, ८ र ९ | १, ७-९ |
| ९ | चित्लाङ १, २, ३, ४, ५ र ८ | १-५, ८ |
| १० | चित्लाङ ६, ७ र ९ | ६, ७, ९ |
| ११ | टिस्टुङ १, २, ३ र ५ | १-३, ५ |
| १२ | टिस्टुङ ४, ६, ७, ८ र ९ | ४, ६-९ |

श्रोतः स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र,२०७३

## जम्मा घरधुरी र जनसङ्ख्या

| जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| ८६४९ | ४७६७१ | २३५७९ | २४०५२ |

श्रोतः स्थलगत सर्वेक्षण, २०७४

## हावापानी

जलवायुको आधारमा नगरपालिकालाईसमशितोष्ण, शितोष्ण, गरी २ भागमा विभाजन गरिएको छ । उचाईको विविधतासँगै तापक्रम र वर्षाको पनि विविधता रहेको छ । पहाडी तथा उच्च भागमा न्युनतम तापक्रम -२ डि.से. र हन्छ, जवकी अधिकतम तापक्रम ३०.३ डि.से. रहन्छ ।

## हावापानीको किसिम

| क्र.सं. | हावापानी | तापक्रम | उचाई | वर्षा |
|---|---|---|---|---|
| १ | समशीतोष्ण | हिउँद ५-१० डिग्री<br>गृष्म २० डिग्री | १२०० देखि<br>१८०० मिटरसम्म | २००० मि.मि |
| २ | शीतोष्ण | हिउँद ५ डिग्री<br>गृष्म १५ डिग्री | १८००देखि २५००<br>मिटरसम्म | १५०० मि.मि |

## भौगोलिक अवस्थिति

| | |
|---|---|
| **फैलावट** | अक्षांश :- २७ डिग्री उत्तरी अक्षांशदेखि ३६ डिग्री उत्तरी अक्षांससम्मको बीचमा रहेको |
| | देशान्तर :- ८५ डिग्री पूर्वी देशान्तरदेखि ०५ डिग्री पूर्वी देशान्तरको विचमा |
| **पूर्वमा** | इन्द्रसरोवर गाउँपालिका र चन्द्रागिरी नगरपालिका |
| **पश्चिममा** | कैलाश गाउँपालिका |
| **उत्तरमा** | धादिङ जिल्ला |
| **दक्षिणमा** | भिमफेदी गाउँपालिका |
| **उचाई** | समुन्द्र सतहबाट करीव ९०० मिटर थाहा न.पा.७ चल्तीदेखि २५८४मिटर थाहा न.पा. ४ सिमभञ्ज्याङसम्म रहेको छ । |
| **जम्मा क्षेत्रफल** | १९१.१२ वर्ग कि.मी. |
| **हावापानी** | समसितोष्ण, शितोष्ण |
| **वार्षिक औषत वर्षा** | २१२० मि.मि. |
| **अधिकतम तापक्रम** | ३०.३ डिग्री सेन्टिग्रेड |
| **न्युनतम तापक्रम** | -२ डिग्री सेन्टिग्रेडभन्दा कम समेत |

## वडा अनुसार घरधुरी र जनसङ्ख्या

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ७४१ | १७५२ | १८०५ | ३५५७ | ३९४ |
| २ | ७५० | २१५८ | ३१४९ | ५३४७ | ३६५ |
| ३ | ७७४ | १९३६ | १९२७ | ३८६३ | २७६ |
| ४ | ६६१ | १४६४ | १४५३ | २९१७ | १४१ |
| ५ | ५७१ | १६०८ | १६१७ | ३२२५ | २२८ |
| ६ | ९४२ | २७०२ | २५७७ | ५२७९ | ४२७ |
| ७ | ९२१ | २४७० | २१९१ | ४६६१ | २३६ |
| ८ | ७२७ | १९५२ | १९७७ | ३९२९ | १८४ |
| ९ | ५४५ | १७८४ | १७०० | ३४८४ | १४६ |
| १० | ५०४ | १४८८ | १४८६ | २९७४ | ३३३ |
| ११ | ७७७ | २३४० | २२०७ | ४५४७ | २७९ |
| १२ | ७३६ | १९२५ | १९६३ | ३८८८ | २३८ |
| **जम्मा** | ८६४९ | २३५७९ | २४०५२ | ४७६७१ | २४९ |

श्रोतः स्थलगत सर्वेक्षण, २०७४

## मातृभाषाको आधारमा जनसङ्ख्या

नेपाली ३४.४९%, तामाङ ४३.४९%, नेवार २१.३२%, मगर ०.४४%, राई ०.०७%, अन्य ०.१९%

## जातियताको आधारमा जनसङ्ख्या

| क्र.सं. | जातियता | प्रतिशत |
|---|---|---|
| १ | क्षेत्री | १९.९० |
| २ | ब्राहमण पहाडी | २.८८ |
| ३ | मगर | १.८३ |
| ४ | तामाङ | ४३.८८ |
| ५ | नेवार | २१.५० |
| ६ | कामी | १.५७ |
| ७ | दमाई/ढोली | ०.८६ |
| ८ | सार्की | ०.२७ |
| ९ | दलित अन्य | ०.१९ |
| १० | ठकुरी | ०.८९ |
| ११ | सन्यासी/दशनामी | ०.१२ |
| १२ | राई | ०.०७ |
| १३ | गुरुङ्ग | १.४५ |
| १४ | घर्ती/भुजेल | ०.६४ |
| १५ | थारु | ० |
| १६ | मुसलमान | ० |
| १७ | कलवर | ० |
| १८ | सुनुवार | ० |
| १९ | घले | ०.२५ |
| २० | अन्य | ०.२७ |
| जम्मा | | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७४







## पर्यटकको रोजाइ

# चरी र खुकुरी

थाहा नगरपालिका वडा नम्बर ११ मा ढुङ्गाबाट निर्मित् कलात्मक खकुरी, ढुङ्गाबाटै बनाइएको डम्फुमाथि चरा र बालबालिकाको लागि मनोरन्जन संरचनाहरु एकै स्थानमा भेटिन्छन् ।

२०७४ सालको स्थानीय निर्वाचन अघि यो स्थान एक उराठलाग्दो खहरेको रुपमा थियो । वडामा नयाँ पर्यटकीय गन्तव्यहरु विकास गर्ने सोचको परिणामस्वरुप वडा कार्यालयको रु. पाँच लाख खर्चमा खुकुरी ढुङ्गा र चरी ढुङ्गा स्थापना गरिएका हुन् । खुकरी साँढे नौ फिठट अग्लो रहेको छ । स्थानीय बासिन्दा एवम् कलाकार मानबहादुर बलले स्थानीय क्षेत्रमै रहेको ढुङ्गा कुँदेर दाबसहितको खुकुरी र डम्फुसहितको चराको रुपमा  आकार दिएका हुन् ।

सँगै निर्माण गरिएको बाल उद्यानको लागि नगरपालिकाले रु. दुई लाख खर्च गरेको छ ।



# अब ढुक्कले सिँचाइ

थाहा नगरपालिकाको वडा नम्बर ९ मा अब ढुक्कले सिँचाइ गर्न सकिने भएको छ। प्रदेश सरकारको रु. ३ करोड ७ लाख तथा वडा कार्यालयको वर्षैपिच्छेको बजेटले यहाँको राजकुलो, मर्को कुलो, चधचा कुलो र कोर्ध कुलोलाई पक्की बनाइएको छ । पहिले माटोको कुलो भएकोले चुहावट बढी हुने र पटक-पटक थुन्न जानुपर्दा किसानहरु हैरान भएका थिए । अहिले सिमेन्टको प्रयोग गरिएकोले अब कुलोको समस्याबाट खेती बिग्रेला भन्ने डर हराएको छ ।

यी कुलोहरुबाट भण्डै २५०० रोपनी खेतबारीमा सिँचाइ गर्न सकिन्छ ।



थाहा-६





# सुविधायुक्त क्वारेन्टाइन व्यवस्थित आइसोलेसन

कोभिड-१९ को महामारीबाट अछुतो रहन नसकेपछि थाहा नगर पालिकाले तत्काल विशेष सावधानी अपनाएको थियो । कोरोनासँग लड्न जिल्लामै सुबिधासम्पन्न क्वारेन्टाइन तयार गरेर कोरोनाका सङ्क्रमतिहरुलाई विशेष हेरचाहका साथ राखिएको थियो । थाहानगर-६ मा रहेको ओम् अध्याय रिट्रिट प्रालिले उपलब्ध गराएको २५ वटा कोठामा क्वारेन्टाइन संचालन गरिएका थिए जसमध्ये ५ वटा हाइकेयर क्वारेन्टाइन कक्ष रहेका थिए । २० वटा नर्मल क्वारेन्टाइन थिए् । एक जना मेडिकल अधिकृत र २ जना स्टाफ नर्सले नियमित सेवा दिएका थिए ।

विदेशबाट नगर भित्रिएकाको स्वास्थ्य परीक्षण गर्न घरमै मेडिकल अधिकृतको नेतृत्वमा प्रहरी र स्वास्थ्यकर्मीको समूह पठाउने व्यबस्था मिलाइएको थियो । वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा टोल बस्तीको क्लस्टर छुट्याएर निगरानी गर्ने व्यक्ति समेत तोकिएको थियो । खाद्यान्नको आपूर्ति व्यबस्था, मूल्यसूची, दैनिक खाद्यान्नको स्टक व्यबस्थालगायत कुरालाई व्यबस्थित बनाइएको थियो । थाहानगर प्रवेश गर्ने नाकाहरुमा स्वास्थ्य परीक्षणको व्यबस्था मिलाइएको थियो ।

एक वर्ष ओम् अध्याय रिट्रिट प्रालिमा क्वारेन्टाइन सञ्चालन गरेपछि अर्को वर्ष नगरपालिकाले वडा नम्बर ६ मा सामुदायिक आइसोलशन केन्द्र स्थापना गऱ्यो । अक्सिजनसहितको २० बेड क्षमताको सामुदायिक आइसोलेसन केन्द्र स्थापना भएपछि नगरपालिकालाई एक हदसम्म ढुक्क हुने अवस्था बनेको थियो । आइसोलेसनमा चिकित्सक र अन्य स्वास्थ्यकर्मीसहित १० जनाको टोली खटिएका थिए ।




# जिल्लामा सँधै उत्कृष्ट

कार्यसम्पादनको आधारमा थाहा नगरपालिका सँधै जिल्ला प्रथम ।

मकवानपुरका १० स्थानीय तहहरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्नेमा थाहानगरले ह्याट्रिक नै गर्‍यो । तीन आर्थिक वर्ष थाहा नगरपालिका जिल्लामा उत्कृष्ट ठहरिई पुरस्कृत भएको छ ।

संघीय सरकारबाट तल्लो सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन गर्ने गर्दछ ।





# चिटिक्क मन्दिर

थाहा नगरपालिका वडा नम्बर ५ ले स्थानीय नागरिकहरुलाई धर्मसंस्कृति र आध्यात्मको माध्यमबाट विकासमा अभिप्रेरित गर्न मन्दिरहरुको संरक्षण र निर्माणमा जोड दिएको छ ।

वडामा जनप्रतिनिधि आएपछि पाण्डेश्वरी मन्दिर ठूलोफाकल र उत्पत्तेश्वर मन्दिर तसरलाई मर्मत गरिएको छ भने फुर्केमा गणेश मन्दिर निर्माण गरिएको छ ।

त्यस्तै नन्दकेशरी महादेव मन्दिर र जलेश्वरी महादेव मन्दिर पनि निर्माण गरिएको छ । वडाले ठूलोफाकलमा गुम्बामा पनि खर्च गरेको छ ।

वडा नम्बर ५ जस्तै सबै वडाहरुमा मठमन्दिरहरुको निर्माण र संरक्षण गरिएको छ ।





# सिस्नुलाई पैसा बनाउँदै

थाहा नगरपालिकामा त्यत्तिकै खेर गइरहेको सिस्नुको पात टिपेर स्थानीयले 'पैसा' बनाउन थालेका छन् । सिस्नुको पात टिप्यो, पाउडर बनाएर बेच्यो, अनि त आइहाल्यो पैसा ।

थाहा नगरपालिका वडा नम्बर १२ जगडाँडामा ८ पुरुष र १ महिला गरी ९ जनालाई गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम(मेड्पा) ले तालिम दिएपछि उनीहरुले सिस्नुको पाउडर बनाएर विक्री गर्न थालेका हुन् ।

थाहा-१२ कै ९ जना विपन्न वर्गका महिलाहरुले चाहिँ ऊनको धागोबाट स्वीटर, टोपी, मोजा, गलबन्दी, पञ्जा, पछेउरा, रुमाल, जामा आदि बुन्न थालेका छन् । उनीहरुले त्यही कपडा विक्री गरेर आम्दानी पनि गरिरहेका छन् ।

यता, थाहा-२ मा पनि महिलाहरुले चप्पल बनाएर आम्दानी गरिरहेका छन् ।

थाहा नगरपालिकाकामा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन भइरहेको छ ।



# पाण्डुकेश्वर झिलिक्क

# तामाको छाना टिलिक्क

हिन्दु धर्म शास्त्रअनुसार ६४ ज्योतिर्लिङ्गमध्ये एक मानिने थाहा नगरपालिका वडा नम्बर २ स्थित पाण्डुकेश्वर मन्दिर अहिले झिलिक्क देखिएको छ । मन्दिरको छाना तामाले टिलिक्क छ ।

२०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्पले क्षतिग्रस्त भएपछि मन्दिर पुनर्निर्माण गरिएको हो । पुरातत्व विभागको रु. १ करोड १७ लाख ९२ हजार लागतमा मन्दिर पुनर्निर्माण भएको हो भने विभागकै ३२ लाख सहयोगमा तामाको छाना राखिएको हो ।

मन्दिरको प्राङ्गणमा रु. १५ लाख बराबरको ढुङ्गा बिछ्याएर प्रदेश सरकारले चिटिक्क पारिदिएको छ भने स्थानीय विकास साझेदारी कार्यक्रम (साँसद विकास कोष)को रु. १० लाखबाट रंग-रोगनसहित घेराबार गरिएको छ । त्यसैगरी थाहा नगर पालिकाले करिब रु. ३ लाख लगानी गरी आकर्षक द्वार निर्माण गरिदिएको छ ।

पाण्डुकेश्वर मन्दिर पाण्डुक ऋषिले स्थापना गरेको विश्वास गरिन्छ । पाण्डुक ऋषिले शिवको आराधना तपस्या गर्दा सिद्ध प्राप्त गरेको र शिब ज्योतिस्वरुपमा प्रकट भएको विश्वास छ ।



# दूध बेचेरै मनग्गे

थाहा नगरपालिकामा गाईभैंसीको दूधको लागि अरुको भर पर्नु नपर्ने वातावरण बन्दैछ । यहाँ वर्षमा सालाखाला ३ लाख लिटर दूध उत्पादन हुन्छ ।

नगरपालिकामा पछिल्ला वर्षमा दूधका लागि पशुपालन फस्टाउँदै गएको छ । स्थानीय कृषक स्वरोजगार हुँदै आम्दानीका लागि कतै भौतारिनु पर्दैन भन्ने उदाहरण बन्न थालेका छन् । नगर पालिकामा घर नजिकै दूध बेचेर वार्षिक रु एक लाखभन्दा बढी आम्दानी गर्नेको सङ्ख्या दुई दर्जनभन्दा बढी छ ।

नगरपालिकाभित्र दूधका लागि अहिले ३१५ कृषकले व्यावसायिक रुपमा पशुपालन गरिरहेका छन् । नगरपालिकाले पशुपालन पकेट क्षेत्र नै घोषणा गरेको छ ।

आफूहरुले सङ्कलन केन्द्रमा बिक्री गरेको दूधको परिमाणका आधारमा सङ्कलन केन्द्रबाट प्राप्त आम्दानीका अतिरिक्त नगर पालिकाले प्रतिलिटर प्रोत्साहन रकम समेत दिने गरेको छ । उनीहरुलाई आर्थिक वर्षको अन्त्यमा एकमुष्ठरुपमा रकम उपलब्ध गराइन्छ ।



# धर्मशालाको मुहार फेरिँदै

प्राचीनकालदेखि नै हालको थाहा नगरपालिकाको चित्लाङ क्षेत्र काठमाडौं प्रवेश गर्ने मूल नाका थियो । भारतीय क्षेत्रदेखि काठमाडौं आउजाउ गर्ने क्रममा बाटोमा बास बस्नुपर्ने र भोलिपल्ट गन्तव्यतर्फ लाग्नुपर्ने हुन्थ्यो । त्यसका लागि ठाउँठाउँमा पाटी, पौवा, सत्तल, धर्मशाला आदि निर्माण गरिएका हुन्थे । भनिन्छ चित्लाङदेखि हेटौँडासम्मको बीचमा मात्रै २५ वटा धर्मशाला थिए । तिनीहरुमध्ये धेरैजसो नासिइसकेका छन् भने कतिपय जीर्ण अवस्थामा रहेका छन् ।

चित्लाङमै रहेको टाः माठा गुठी पौवा अहिले लोप भइसेको छ । त्यस्तै सिरानपौवा पनि भगनावशेषमा परिणत भइसकेको छ । थाहा नगरपालिकामा जनप्रतिनिधि आइसकेपछि चित्लाङकै नयाँ पौवा अर्थात् धर्मशालाको भने जीर्णोद्वार गर्न सकिने स्थिति बन्यो ।

२०७२ सालको भूकम्पले जीर्ण धर्मशालामा झनै क्षति पुगेकोमा अहिले पुरातत्व विभागको सहयोगमा पुनः निर्माण भइरहेको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको चित्लाङस्थित नयाँ पौवा धर्मशाला पुरानै शैलीमा पुनः निर्माण भइरहेको छ । यसका लागि पुरातत्व विभागले रु. ५ करोड बराबरको ठेक्का स्वीकृति गरेको छ ।





# मुस्कान झरना

थाहा नगरपालिका वडा नम्बर ११ मा एउटै ढुङ्गाको बीच ६० फिट माथिबाट निरन्तर खस्छ मुस्कान झर्ना । वडामा जनप्रतिनिधि आएपछि यस झरनालाई प्रचारप्रसारमा ल्याइएको हो । त्यसअघि यो झरना प्रचारको अभावमा ओझेलमा परेको थियो ।

प्रचारमा आएपछि मुस्कान झरनामा जाने पर्यटकहरु बढ्न थालेका छन् । झरनाको फेदीमा दह जमेको छ ।

जागृति बाल युवा सरोकार नेपालसँग सहकार्य गरेर वडा कार्यालयले सडकबाट झरनाको फेदीसम्म पुग्ने १५५ मिटर पैदल मार्ग, सिँढी तथा फलामे रेलिङ निर्माण गरेको छ । यसको लागि वडा कार्यालयको कामका लागि नगद कार्यक्रमअन्तर्गत् रु. ४,३२,१६० खर्च भएको छ भने नेपाल कोभिड-१९ आर्थिक पुनर्स्थापना परियोजना-२०२० अन्तर्गत् दातृ निकायले रु. ४,१४,७८२ खर्च गरेको छ ।

# घरनजिकै ११ र १२ पढाइ

घरनजिकै ११ र १२ कक्षाको पढाइ हुने भएपछि अहिले थाहा नगरपालिका वडा नम्बर १० का विद्यार्थीहरु निकै खुशी छन् । वडामै स्थापना भएको नाटेश्वर माध्यमिक विद्यालयमा शिक्षा र व्यवस्थापनमा १२ कक्षासम्म पढाइ हुन्छ ।

पहिले नजिक १० कक्षाभन्दा माथि पढाइको प्रवन्ध नहुँदा बालबालिकाहरु कि त घण्टौं हिँडेर बज्रवाराही मावि वा स्वच्छन्द भैरब माविसम्म पुग्नुपर्थ्यो कि त हेटौँडा-काठमाडौँ नै जानुपर्थ्यो ।

अहिले घरपायक ११ र १२ कक्षाको पढाइ हुन थालेपछि १० पछि कहाँ पढाउने भन्ने अभिभावकको चिन्ता हटेको छ । आफ्नो निगरानीमा बालबालिकाहरु नजिकैको विद्यालयमा पढ्ने भएपछि अभिभावकहरु खुशी छन् । पढाइको शिलशिलामा हुने अतिरिक्त खर्च पनि कम भएको छ ।

२०७२ सालको भूकम्पले क्षति पुगेको विद्यालय भवन पुनर्निर्माण गरेर थप सुविधासहित चिटिक्क पारेपछि पठनपाठनको वातावरण पनि थप सहज बनेको छ ।





## बिरामीलाई सुविधा

# आँगनमै स्वास्थ्य सेवा

२०७४ सालमा जनप्रतिनिधिको निर्वाचन हुँदा सबैको ध्यान आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरुको पहुँच पुगोस् भन्नेमा थियो । जनप्रतिनिधिहरुले जनभावनाअनुसार पहल गरे ।

अहिले थाहा नगरपालिका वडा नम्बर १० टौखेलमा टौखेल सहरी स्वास्थ्य केन्द्र स्थापना भएर सञ्चालनमा छ । प्रदेश सरकारको रु. १५ लाख, वडा कार्यालयको रु. १८ लाख र थाहा नगरपालिकाको रु. ६ लाखमा स्वास्थ्य केन्द्रको भवन बनाइएको छ ।

भवन बन्नुअघि कृषि सेवा केन्द्रको पुरानो भवनबाट स्वास्थ्य केन्द्र सञ्चालन गरिएको थियो । २०७५ सालदेखि शुरु गरिएको स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीलाई शुरुमा वडा कार्यालयको लागि मोटरसाइकल खरिद गर्न छुट्याइएको बजेट काटेर तलब प्रदान गरिएको थियो। 'जनताको स्वास्थ्य भन्दा कार्यालयको मोटरसाइकल ठूलो होइन' भन्नेमा वडा नम्बर १० का जनप्रतिनिधिहरु एकमत थिए ।

वडामै प्रसुती, ओपीडी, खोप लगायत सेवा प्राप्त भएपछि स्थानीय बासिन्दालाई चित्लाङ, मार्खु वा बज्रवाराहीसम्म धाउनुपर्ने बाध्यता हटेको छ ।

## थाहा-१६



# जिरो होम डेलिभरी






थाहा नगरपालिकाको वडा नम्बर ६ लाई मकवानपुर जिल्लामै पहिलोपटक 'जिरो होम डेलिभरी' (घरमा सुत्केरी हुने शून्य) घोषणा गरिएको छ । यसअघि धादिङको ज्वालामुखी गाउँपालिकाको २ र ३ नम्बर वडालाई 'जिरो होम डेलिभरी' घोषणा गरिएको थियो ।

वडामा जनप्रतिनिधि आएपछि स्वास्थ क्षेत्रमा तीव्र विकास भएको छ । वडालाई घरमा सुत्केरी गराउने महिलाको सङ्ख्या सून्य घोषणा गरिएसँगै यो अभियानले निरन्तरता पाएको छ । वडाका गर्भवतिहरु सबै स्वास्थ्य संस्थामा परीक्षण गराउन आउँछन् भने सुत्करी हुन पनि अनिवार्य स्वास्थ्य संस्थामा आउने गरेका छन् ।

सुत्केरी हुन आउने महिला र सहयोगीलाई बस्न र खानका लागि स्वास्थ्यचौकीले निःशुल्क व्यवस्था गरेको छ । वडाका गर्भवतीलाई स्वास्थ्यचौकीमा सुत्केरी हुन आउनका चौकीले टोल-टोलमा गर्भवतीको समूह गठन गरेको छ ।

स्वास्थ्य संस्थाले गर्भ परीक्षण गर्न आउनेलाई १०-१० वटा अन्डा पनि दिने गरेको छ । स्वास्थ्य संस्थामा सुत्केरी हुन आएकामध्ये जटिल खालको गर्भवतीलाई काठमाडौं रिफर गर्ने गरेको छ । रिफर गर्दा चौकीले एम्बुलेन्स भाडा तीन हजार रुपैयाँ पनि नगद दिने गरेको छ । सुत्केरी हुने आमा र नवजात शिशुलाई स्वास्थ्यचौकीले न्यानो कपडा दिनुको साथै २ लिटर तोरीको तेल पनि दिने गरेको छ ।

स्वास्थ्यचौकीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न थाहा नगर पालिकाले रु. ५ लाख अनुदान दिएको थियो ।



# अनि मेटियो तिर्खा

तिर्खा लाग्दा पानी नपाएर 'काकाकूल' बनिरहेका थाहा नगर पालिका वडा नम्बर १० का बासिन्दा अहिले खानेपानीको दुःखबाट मुक्त भएका छन् । आवश्यकता अनुसार प्रयोग गर्न मिल्नेगरी घरघरमै धारा आएपछि उनीहरुलाई विगतका ती दिन सपनाजस्तो लाग्न थालेको छ ।

२०७४ सालअघिसम्म थाहा-१० मा खानेपानीको हाहाकार थियो । जनप्रतिनिधि आइसकेपछि पनि शुरुमा समस्या उस्तै थियो । ठाउँठाउँमा लिफ्ट प्रणालीबाट ट्याङ्कीमा जम्मा गरेर खानेपानी व्यवस्था गर्दा केही समस्या हल भएको थियो । वृहद खानेपानी योजना सञ्चालन नगरी वडामा खानेपानी समस्या समाधान हुने स्थिति थिएन । दाताहरुको खोजी भइरहेको थियो ।

थाहा नगरपालिकाको पहलमा सामुदायिक विकास केन्द्र नेपाल (सीसीडीएन)ले दातृ निकायको सहयोगबाट १० नम्बर वडाबासीको चाहना पुरा गरिदियो । दातृ निकायको रु. २ करोड ५६ लाख र वडा कार्यालयको रु. १५ लाख बजेटबाट सीतापाइला वृहद खानेपानी आयोजना सम्पन्न गरी अहिले ५८८ घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन् । एक घर, एक धाराको व्यवस्था गरिएको छ ।

डिप बोरिङ प्रणालीबाट ट्याङ्कीमा पानी जम्मा गरेर घरघरमा वितरण गरिएको छ ।

## थाहा-१८





# जहाँ विरामीलाई सुविधै-सुविधा

थाहा नगरपालिकामा जनप्रतिनिधि आएपछि पहिले प्राथमिक स्वास्थ्य केन्द्रमा पाइने वो त्यो भन्दा बढी स्वास्थ्य सुविधा वडामै पाइन थालेको छ । यसको उदाहरण बनेको छ थाहा-११ स्थित टिस्टुङ स्वास्थ्य चौकी ।

चौकीमा ल्याव सेवा र भिडियो एक्स-रे सेवा निःशुल्क रुपमा उपलब्ध छ भने गर्भवति महिलाहरुका लागि एम्बुलेन्स सेवासमेत निःशुल्क गरिएको छ । स्वास्थ्य संस्थामा प्रसुती केन्द्रसमेत सञ्चालन गरिएको छ ।

वडालाई 'जेरो होम डेलिभरी' अर्थात् घरमा सुत्केरी हुने गर्भवतीको सङ्ख्या शून्य गराउने अभियान चलिरहेको छ । गर्भवतीहरू गर्भ परीक्षण गराउन मात्र होइन, सुरक्षितसँग सुत्केरी हुन पनि स्वास्थ्यचौकीमा एक/दुई दिन अगाडि नै आउने गर्दछन् । सुत्केरी हुन आउने महिला र सहयोगीलाई बस्न र खानका लागि स्वास्थ्यचौकीले निःशुल्क व्यवस्था गरेको छ ।

अहिले रु. तीन करोड लगानीमा टिस्टुङ स्वास्थ्य चौकीको सुविधासम्पन्न भवन निर्माण भइरहेको छ ।




# आफ्नै भवनबाट सेवा

२०७३ सालको राज्य पुनसंरचनाले थाहा नगरपालिकालाई १२ वडामा विभाजन गर्दा १० नम्बर वडामा आफ्नो कार्यालय थिएन । साविक चित्लाङ गाविस दुईवटा वडामा विभाजन हुँदा साविक गाविस भवन अर्को वडामा परेपछि १० नम्बर वडालाई दैनिक प्रशासनिक कामकाज चलाउन समस्या थियो । जनप्रतिनिधि निर्वाचन भएपछि शुरुमा संयुक्त वडा कार्यालयको रुपमा चित्लाङबाट कार्यालय सञ्चालन गरि एकोमा अर्को एक वर्ष टौखेलको एउटा घर भाडामा लिएर कार्यालय सञ्चालन गरिएको थियो ।

२०७६ सालसम्ममा आफ्नै कार्यालय भवन तयार भएपछि भने वडालाई निकै सहज भयो । थाहा नगरपालिका र वडा कार्यालयको गरी रु. १७ लाखमा कार्यालय भवन निर्माण गरिएको हो । अध्यक्षको कार्यकक्ष र सचिबको कार्यकक्षा छुट्टाछुट्टै हुनेगरी डिजाइन गरेर भवन बनाइएको छ ।

आफ्नै कार्यालय भएपछि अब जनप्रतिनिधिहरुले आफ्नै कार्यालयमा बसेर ढुक्कले काम गर्ने वातावरण बनेको छ । वडा कार्यालयको स्थानीय संरचना तयार भएपछि स्थानीय सेवाग्राही नागरिकहरु पनि खुशी छन् । शुरुमा वडा कार्यालयको सेवा लिन चित्लाङसम्म पुग्नु पर्दा वडाबासीलाई निकै सास्ती थियो ।





# बढी हुनेले कम हुनेलाई जग्गा दिएर बन्यो बसपार्क

एक हात जग्गामा मुद्धा परेर वर्षौं अदालत धाएको पनि हामीले देखेकै छौं तर, थाहा नगरपालिकामा यस्तो उदारहण पनि भेटियो जहाँ आफ्नो नाममा रहेको जग्गा सँधियारलाई दिए । सँधियारको जग्गा बासपार्कको बाटोमा पर्ने भएपछि अलि बढी जग्गा हुनेले सट्टामा जग्गा उपलब्ध गराएका हुन् ।

थाहा नगरपालिकाको थानाबजारस्थित त्रिभुवन राजपथको भित्रपट्टि बसपार्क निर्माण भएको छ । ४२ रोपनी जग्गामा बनिरहेको बसपार्कका लागि व्यक्तिहरुले खुसीराजीमा जग्गा उपलब्ध गराएका हुन् । बसपार्क निरीक्षणको क्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणी पौडेलले यो 'एप्रोच' एउटा सिकाइको केन्द्र भएको बताएका थिए ।

थाहा बसपार्कका लागि अहिलेसम्म स्थानीय र प्रदेश सरकारले लगानी गरिरहेको छ । केही भौतिक कार्यहरु सम्पन्न गर्न बाँकी छ । यसको कूल लागत ७ करोड अनुमान गरिएको छ । केही महिनापछि यो बसपार्क सञ्चालनमा आउनेछ ।



# घरैपिच्छे

# दुहुना भैंसी

पहिले भैंसीको दूध खान बजार पुग्नु पर्ने अवस्था रहेकोम थाहा नगरपालिका वडा नम्बर १२ जगडाँडामा अहिले घरघरै दुहुनु भैँसी छन् । थाहा नगरपालिकाले भैँसी खरिदमा २५ प्रतिशत अनुदान र कृषि विकास बैंकमार्फत् चार प्रतिशत सहुलित व्याजदरमा ऋण उपलब्ध गराएपछि जगडाँडाका २० परिवारले एकैपटक २० वटा दुहुनु भैँसी किनेर व्यवसायिक पालन गरेका छन् । २५ घरधुरी रहेको गाउँमा ज्येष्ठ नागरिकले नेतृत्व गरेका परिवारबाहेक सबैले करिब रु डेढ लाख बराबरका दुहुनु भैँसी किनेर व्यावसायिक रुपमा दूध बिक्री गर्न थालेका हुन् । थाहा नगरपालिकाले जगडाँडामा व्यावसायिक भैँसी पालनका लागि रु १० लाख विनियोजन गरेको थियो । कृषकको लगानी र कृषि विकास बैंकको ऋणसहित करिब रु ३० लाखको दुहुनु भैँसी गाउँमा भित्रिएको छ ।

भैँसीको दूध प्रतिलिटर रु ६० देखि रु ७० सम्म बिक्री हुन्छ । दूध बिक्रीका लागि नगरपालिकाले अनुदानमा तीन पाङ्ग्रे अटो अनुदानमा उपलब्ध गराएको छ । त्यसैगरी नगर पालिकाकै सहयोगमा गाउँमै चिस्यान केन्द्र पनि स्थापना गरि एको छ । दूध विक्रीबाट अहिले गाउँमा मासिकरुपमा करिब रु दुई लाख भित्रिने गरेको छ ।  उनीहरुले दूध विक्रीको आधारमा प्रतिलिटर रु. डेढको दरले अनुदान पनि पाएका छन् ।

नगरपालिकाको सहयोगमा एक/एक जना गोठालोसहित सबै भैँसीको पशुबीमा पनि गरिएको छ । भैँसीका लागि गोठ सुधार तथा पौष्टिक आहार व्यवस्थापनका कार्यक्रमहरु पनि सचालन गरिएका छन् । नगरपालिकाको पशु सेवा कार्यालयले कृषकलाई भैँसीका लागि दाना तयार पार्न प्रयोग गरिने औजार (च्यापकटर) पनि उपलब्ध गराएको छ भने नगरपालिकाकै सहयोगमा कृत्रिम गर्भाधानको व्यवस्था पनि मिलाइएको छ ।

कृषकहरुलाई दुग्ध पदार्थ उत्पादनको तालिम पनि दिइएको छ ।




# न्याय नपाए न्यायिक समिति

मुद्दामा हारजित हुन्छ, तर नगरपालिकाको न्याय समितिमा आएपछि जितैजितको महशुस हुन्छ । नगरपालिकाको न्याय समितिमा आएपछि दुबै पक्षले आफूले जितेको महशुस गर्छन् । न्यायिक समितिमा आएका मुद्धा सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गरिन्छ । मेलमिलापको माध्यमबाट समस्याको समाधान गरिने हुँदा अन्ततः दुबै पक्ष हात मिलाएर वा अङ्कमाल गरेर फर्किने गर्दछन् ।

यो पाँच वर्षको अवधिमा नगरपालिकाको न्यायिक समितिले डेढ सय बढी मुद्धा फछ्र्यौट गरिसकेको छ । केही मुद्धा भने अदालत पठाइएको छ । समितिमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी जग्गाको साँध-सीमाना सम्बन्धी रहेका छन् । जग्गा रोक्का, आर्थिक लेनदेनसम्बन्धी र अंशसम्बन्धी उजुरीहरु पनि पर्छन् । त्यसैगरी ज्येष्ठ नागरिकको हेरचाह नगरेको, श्रीमान्-श्रीमती झैं-झगडा गरेको, साधारण कुटपिट, ज्याला विवाद लगायतका मुद्धाहरु पनि न्यायिक समितिमा दर्ता भएका छन् ।



# स्थानीयलाई रोजगारी पाहुनालाई कोशेली

थाहानगर भित्रिने पाहुनाहरुले अब यहाँबाट के कोसेली लैजाने भनेर द्विविधामा पर्नुपर्दैन। थाहा नगरपालिकाको नयाँगाउँमा रहेको कोसेली घरबाट छानीछानी कोशेली लैजान पाइन्छ । नगरको स्थानीय सीप र उत्पादन प्रवर्धन गर्न नगरको आफ्नै पहलमा कोसेली घर निर्माण गरिएको छ । रुपचन्द्र विष्ट स्मृति भवनमा प्रदेश सरकारसमेतको सहयोगमा कोसेली घर सञ्चालनमा आउँदैछ ।

कोसेली घरमा थाहा नगरपालिकाका स्थानीय घरेलु तथा साना उद्यमीले उत्पादन गरेका सेरामिक्स सामग्री, बाँसबाट बनेका सामग्री, क्रिष्टलका गहना, हातले बुनेका स्वेटर, झोलालगायत विभिन्न सामग्री, 'गिफ्ट'का सामग्री र घरेलु उत्पादित बिभिन्न खाद्य सामग्रीहरु राखिने छ । त्यसैगरी कोसेली घरमा मौलिक काष्ठकला, नेपाली कागजका हस्तकला, घरबुना कपडाका पुतली, खेलौना, टोपी, टाइचिन चिउरा पनि बिक्रीबितरणका लागि राखिने छन् । धातु तथा ढलौटका कलाकृति, चित्रकला, खुकुरी, मुकुन्डो, माटोबाट बनेका क्युरियो सामग्रीसमेत कोसेली घरमा राखिनेछन् ।

नगरपालिकाका साना उद्यमीले घरमै बसेर उत्पादन गरेका वस्तुलाई नगरपालिकाले किनिदिने र कोसेली घरमा राखेर बिक्री गरिने व्यवस्था मिलाइनेछ । उद्यमीहरुबाट सामान किन्दा उनीहरुलाई ५० प्रतिशत रकम किनेकै बखत उपलब्ध गराउने र बाँकी बिक्री भएपछि उपलब्ध गराउने तयारी छ ।

थाहा-२४





# वडामै १५० कि. मि. सडक

पाँच वर्षमा वडा नम्बर ५ मा सबैभन्दा बढी सडक पूर्वाधारमा खर्च गरिएको छ ।

शिखरकोट चौकी किटेनी रुप्से फुर्के वडा कार्यालय चौतारा इन्द्रसरोबर कुलेखानी(१७ कि. मी), ढोकचा तर्सर वडा कार्यालय कल्याण प्रावि भट्टीडाँडानलिवन पिङडाँडादामन(१५ किमी), झम्केश्वरी फुर्केबसन्तवडा कार्यालय(९ किमी), गहतेखोलाखर्कखड्का टोल फुर्के डाँडागाउँ(३ किम),मयल भञ्ज्याङ सीमडाँडासानोफाकेलशेरा(१० किमी) यस वडाका मुख्य सडकहरु हुन् । अहिलेसम्म वडामा ३६ वटा सडक बनेका छन् । अहिलेसम्म वडा भित्रका बनेका सडकहरुको लम्बाइ जोड्दा १५० कि.मी. पुग्छ ।

सडक पुगेपछि स्थानीय कृषकहरुलाई निकै सहज भएको छ ।



# मेशिनले छोडाउँछ मकै कोदो पनि चुट्छ

थाहामा अब हातमा ठेला उठाइउठाइ मकै छोडाउने दिन गए । नगरपालिकाले हरेक वर्ष मकै उत्पादक कृषकहरुलाई मकै छोडाउने मेशिन दिँदै आएको छ । अहिलेसम्म ५०० किसानलाई वटा मकै छोडाउने मेशिन दिइसकेको छ । मकै छोडाउने मेशिन करिब रु. २०० मा किन्न पाइन्छ ।

त्यस्तै, कोदो चुट्न पनि अब लाठो लिएर मच्चिनुपर्दैन । नगरपालिकाले ५० प्रतिशतअनुदानमा कोदो चुट्ने मेशिन दिएको छ । मागको आधारमा कोदो चुट्ने मेशिन दिइएको हो ।

मकै छोडाउने र कोदो चुट्ने काम मेशिनले नै गर्न थालेपछि अहिले कृषकहरुलाई सुविस्ता भएको छ ।





# सबैको चासो सडकमा

घर-आँगनछेउ सडक आए बिरामी लैजान सजिलो, तरकारी बेच्न पनि सजिलो । अन्य यातायात सुविधा त छँदैछ । स्थानीय बासिन्दालाई यति कुराले छोएपछि थाहा नगरपालिका वडा नम्बर १२ मा सबैको माग सडक सुविधा बन्न पुग्यो । वर्षेनी थाहा नगरपालिकाले विनियोजन गर्ने रु. १ करोडभन्दा बढी रकममध्ये ८० प्रतिशतभन्दा बढी सडकमै खर्च हुने गरेको छ ।

पहिले गाविस हुँदा बजेटको आकार निकै सानो हुन्थ्यो । उक्त बजेटले गाउँसम्म मोटरबाटो पुऱ्याउन सम्भव थिएन । अहिले वडामै करोडमाथिको बजेट आएपछि धमाधम ग्रामीण सडकहरु बन्न थालेका हुन् ।

वडा नम्बर १२ मा १२ किलोमिटर तारुका-लिति-जगडाँडा सडकलाई मुख्य सडक मानिएको छ । यो सडकमा मात्रै रु. २ करोड भन्दा बढी खर्च भएको छ । वडाका तीनवटा सडकको विस्तृत परियोजना प्रतिवेदन तयार भएका छन् ।

वडामा जगडाँडादेखि धादिङ जोड्ने सडक, पोखरीचौरदेखि सलामपुर जोड्ने सडक, लिति-आधामारा-धादिङ(सल्ले) सडक, तारुका-स्याङ्तान टोल सडक, झाप्रे-आलमपुर-मानेडाँडा-मुलाबारी सडक, बसन्त-गुरुङगाउँ सडक, मेत्राङ-धुसेनी सडक, लिति-भ्लेटोल सडक, लिति-कुण्डली-डाँडीघाट सडक निर्माण भएका छन् । अब वडामा सडक पुग्न बाँकी टोल छैन ।




# लागत कम उत्पादन बढी

थाहा नगरपालिकाले यहाँका कृषकहरुलाई आधुनिक ढंगले खेती गर्नेतर्फ प्रोत्साहन गर्ने गरेको छ । नगरपालिकाले विभिन्न कृषियन्त्र तथा प्रविधिहरुको हस्तान्तरण गरेर कृषकहरुलाई व्यवसायिक बन्न प्रेरित गरिरहेको छ । यसक्रममा पछिल्ला वर्षहरुमा मल्चिङ प्रविधि निकै लोकप्रिय भएको छ ।

विरुवाको वरिपरिको माटोको सतहलाई कुनै पनि जैविक पदार्थ वा प्लास्टिकले ढाक्ने प्रविधि नै मल्चिङ प्रविधि हो जसबाट बिरुवा वा यसको जराको तापक्रमको बढ्ने वा घट्ने प्रक्रियामा प्रभावकारी तरिकाले नियन्त्रण गर्न सकिन्छ । थाहानगरमा प्लास्टिक मल्चिङ बढी प्रयोगमा छ । प्लास्टिक मल्चिङ प्रविधिबाट खेती गर्दा मुख्यतया बिरुवाको जराको सतहमा पानी जम्न पाउँदैन, विरुवाको चिस्यान तथा माटोको तापक्रमलाई एकसमान बनाउन मद्दत गर्दछ, हावा र पानीद्वारा हुने माटोको क्षतिलाई कम गर्दछ, झारपात नआउने हुँदा बिरुवालाई चाहिने पोषक तत्व सजिलै उपलब्ध हुन्छ र विरुवाको वृद्धिको लागि अनुकूल वातावरण प्रदान गर्दछ । यो विधि अपनाउँदा माटोको सतहबाट पानीको मात्रा उडेर जाने समस्या नहुने हुँदा पानीको पनि बचत हुन्छ, झारहरुको वृद्धिमा अवरोध ल्याउँछ, बालीनालीमा उत्पादनमा लाग्ने लागत मूल्य घटाउदै आम्दानी बढाउन मद्दत गर्दछ ।

पाँच वर्ष अधिसम्म थाहाका कृषकहरुले यसतर्फ ध्यानदिन सकेका थिएनन् । मुलुक संघीयतामा गएर कृषि विकास कार्यालय स्थानीयपालिकमै आएपछि बजेट वृद्धि हुनुका साथै नयाँनयाँ प्रविधिहरुको पनि विकास भएको हो । थाहा नगरपालिकामा अहिले ५०० बढी किसानहरुले मल्चिङ प्रविधिबाट खेती गरिरहेका छन् । मल्चिङमा अहिलेसम्म नगरपालिकाले रु. २० लाख खर्च गरिसकेको छ ।






## ११/१२ पढ्न

# गाउँमै सुविधा

थाहा  नगरपालिकाको साविक टिस्टुङ गाविस र आसपासका विद्यार्थीहरुलाई कक्षा ११-१२ पढ्न अब बाहिर जानु नपर्ने भएको छ ।

वडा नम्बर ११ को नौखण्डेमा कक्षा ११ र १२ को पठनपाठन गर्न स्वीकृति पाएसँगै विद्यार्थीहरुलाई गाउँमै मावि तहको माथिल्लो कक्षा पढ्ने अवसर प्राप्त भएको हो । शैक्षिक सत्र २०७७ बाट नौखण्डेको बागेश्वरी माविमा कक्षा ११ को पढाइ शुरु भएको हो ।

करिब रु. नौ करोड ६२ लाखमा निर्मित सुविधासम्पन्न भवनमा कक्षा सञ्चालन भइरहेको छ । वडा नं. ११ र १२ का मावि तहका विद्यार्थी पढ्ने समग्र टिस्टुङको यही एउटा विद्यालय हो ।



# बन्दैछ थाहा सङ्ग्रहालय

'मकवानपुरको थाहानगर धार्मिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक तथा पुरातात्विक हिसाबले निकै महत्वपूर्ण छ ।' धेरैले यसो भनिरहँदा त्यसको प्रमाण र आधारहरु के त भन्ने प्रश्न उठ्छ । यसलाई एकै स्थानबाट बस्तुनिष्ठ ढंगले प्रष्ट पार्नका लागि थाहा नगरपालिकाका जनप्रतिनिधिहरुले थाहा सङ्ग्रहालयको अवधारणा अघि सारेका छन् ।

थाहा नगरपालिकाको ऐतिहासिक, सामाजिक, साँस्कृतिक, धार्मिक लगायत महत्वपूर्ण सामग्रीहरु सङ्ग्रह गरी राख्ने हेतुले विस्तृत परियोजना प्रतिवेदन(डीपीआर) स्वीकृत गरी निर्माणको काम शुरु गरिएको छ । २०७४ सालमा निर्वाचित जनप्रतिनिधिले शुरु गरेको यो कार्य अर्को जनप्रतिनिधिकालमा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

हाल सङ्ग्रहालय निर्माण कार्य अन्तर्गत सहरी विकास कोषको सहयोगमा रु. ३६ लाख बराबरको प्रारम्भिक चरणको काम भइरहेको छ ।



## बज्रवाराही थान

# अब धार्मिक पर्यटकीय क्षेत्र

थाहा नगरपालिकाको बज्रवाराही थानलाई अहिले धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु. ५० लाख लागतमा बज्रवाराही थान पारीपट्टि सदावहार सल्लाको जंगललाई संरक्षण गरी पार्क निर्माण गरिएपछि अहिले सो क्षेत्रको मुहार नै बदलिएको छ ।

पार्कसँगै बज्रवाराही थानबाट खोलामा सुन्दर पुल निर्माण गरिएको छ भने ५ वटा आकर्षक र कलात्मक ढुङ्गेधारा निर्माण गरिएको छ । यी कार्यको लागि रु. ५० लाख खर्च भएको छ ।





# हिजोको कप्पु युङ्वा आजको नर्वे ढुङ्गा



तस्विरमा देखाइएको ढुङ्गालाई पहिले गाउँलेहरुले कप्पु युङ्वा भन्दथे । कप्प परेको ढुङ्गा भएकोले यसलाई स्थानीयले नेपाली भाषामा कप्पु ढुङ्गा भन्दछन् । तामाङ भाषामा कप्पु युङ्वा भनिएको हो । यही ढुङ्गा अहिले नर्वे ढुङ्गाको नामले प्रख्यात छ ।

वडामा जनप्रतिनिधि आएपछिको यो महत्वपूर्ण उपलब्धी हो । नर्वे भन्ने देशको अत्यन्त चर्चित ढुङ्गासँग मिल्दोजुल्दो भएकोले यसलाई नर्वे ढुङ्गा भन्न थालिएको हो ।

त्रिभुवन राजपथको टिस्टुङ देउराली नजिकैबाट पक्की ग्रामीण सडक हुँदै यस स्थानमा पुग्न सकिन्छ । थाहा नगरपालिका वडा नम्बर ११ मा अवस्थित यस पर्यटकीय गन्तव्यको संरक्षण तथा संवर्धनका लागि वडा कार्यालयले तदारुकता देखाइरहेको छ । अहिलेसम्म यस गन्तव्यमा सिँढी निर्माण, कम्पाउण्डिङ, शौचालय आदि निर्माणको लागि वडा कार्यालयको रु. २० लाख खर्च भएको छ ।





# धार्मिक पर्यटनको केन्द्र

# गोरखनाथ

यो मन्दिरलाई सद्गुरु गोरखनाथ बाबाको नामले चिनिन्छ । थाहा नगरपालिका-३ डाँडागाउँमा रहेको यो शक्तिपिठ आँखा खुलेको शिवजीको प्रतिरुप मानिन्छ । आँखा खुलेको शिवजीको मुद्रा विश्वमै यो एक मात्र मानिन्छ । आँखा खुलेको मुद्रा सचेत अवस्थाको भएकाले जगतमा चलिरहेको विधि-विधान सही या गलत छुट्याउने र यही अवस्थाको कर्मले युग परिवर्तन हुने कुरामा विश्वास गरिन्छ ।

यही शक्तिपिठबाट गोरखनाथ बाबाले सौर्यमण्डलबाट उत्पादित उर्जाशक्ति विधि-विधान अनुरुप सही तवरले चलेका छन् वा छैनन् निरक्षण गर्नुहुन्छ । यो शक्तिपिठलाई सौर्यमण्डलीय शक्ति केन्द्रको पीठको रुपमा चिनिन्छ । सौर्य मण्डलबाट निस्कने महत्वपूर्ण शक्तिहरु विधि-विधानअनुरुप धर्तीमा उपभोग भएको वा नभएको निरीक्षण गरी गोरखनाथ बाबाले प्राणीलाई चाहिने उर्जा शक्तिको बाँडफाँड यही शक्तिपिठबाट गर्ने गर्दछन् ।

पौराणिक युगमा पृथ्वीमा पाप र धर्मबीच भेद छुट्याउन कौरव र पाण्डवलाई पात्र बनाएर उदाहरण खडा गरिएको थियो । पाण्डव सूर्यवंशी र कौरव चन्द्रवंशी थिए । कौरव र पाण्डवलाई छुट्याएको स्थान यही(पालुङ) हो भन्ने विश्वास गरिन्छ । यो मन्दिरमा हरितालिका तीज, शिवरात्री, फागुण पूर्णिमा, हरिशयनी एकादशी लगायतका पर्वहरुमा भक्तजनहरुको विशेष घुइँचो लाग्ने गरेको छ । यहाँ सामुहिक व्रतवन्ध पनि गरिँदै आएको छ ।

थाहामा जनप्रतिनिधि आएपछि यसको संरक्षण र प्रवर्धनमा बजेटको व्यवस्था हुँदै आएको छ । यहाँसम्म पुग्न राम्रो सडक निर्माण गरिएको छ भने गोरखनाथसँगै शिवालय पनि निर्माण गरिएको छ ।



अहिले



पहिले

# ढुङ्गेधाराको पुनर्जीवन

यो हो चित्लाङस्थित गुर्जुधारा । महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'यात्री' कविता यही धाराको पर्खालमा बसेर रचना गर्नु भएको थियो । चित्लाङ नाका भएर काठमाडौँ ओहोरदोहोर गर्दा यात्रीहरु यही धाराको पानी पिउँथे र केहीबेर आराम गर्थे । ऐतिहासिकरुपमा महत्वपूर्ण यो ढुङ्गेधारा जीर्ण अवस्थामा रहेकोमा थाहा नगरपालिकाको पहलमा अहिले पुनर्निमाण गरिएको छ ।

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत् खानेपानी तथा सरसफाइ डिभिजनको सहयोगमा गुर्जुधारा पुनर्निर्माण गरिएको हो । धारामा २४सै घण्टा अटुट पानी आउने गर्दछ ।




# गोरु हराए
# यन्त्र भित्रिए

खेतबारीमा पहिले गोरुले गर्ने काम अहिले यन्त्रले गर्छ । गाउँमा हलगोरु पाइन छाडेको छ । गोरु पाल्न दुःख पनि छ । एक जना मान्छे त तिनकै गोठालो लाग्नुपर्छ ।

थाहा नगरपालिकाले खेतबारी जोत्न यन्त्रको प्रयोगमा जोड दिँदै आएको छ । नगरको कृषि शाखाले सालिन्दा अनुदानमा हाते ट्याक्टर वितरण गर्दै आएको छ । ट्याक्टरमा कृषकको अपनत्व होस् भनेर नगरपालिकाले आधा रकमचाहिँ कृषकहरुलाई नै व्यहोर्न लगाउने गरेको छ ।

एक हल गोरुले दिनभरीमा जोत्ने मेलो हाते ट्याक्टरले दुई घण्टामै जोत्ने भएपछि कृषकहरुलाई हाते ट्याक्टरको प्रयोगबाट फाइदा पनि छ । अर्कोतर्फ गाउँमा हलगोरु नै नपाइने भएपछि यान्त्रीकरण बाध्यता पनि बन्दै गएको छ ।

गाउँका युवाहरू विदेशिने र शहरमुखी हुँदै गएकोले कृषि श्रमिकको अभाव हुन थालेको बेला हाते ट्याक्टरको माग बढिरहेको छ । इन्जिनबाट चल्ने भएकोले जो कोहिले पनि खेत जोत्न सकिने किसानहरूले बताउँछन् । गाउँमा हाते ट्याक्टरको माग बढ्दै जाँदा कृषकहरुलाई यसको मर्मत्सम्बन्धी तालिम पनि दिइएको छ । नगरमा अहिले ५०० बढी हाते ट्याक्टर प्रयोगमा छन् । ट्याक्टर खरिदमा मात्रै नगरपालिकाले अहिलेसम्म रु एक करोड खर्च गरिसकेको छ ।





# जोगाउँदै परम्परा

स्थानीय भाषा, कला, साहित्य, संस्कृति र परम्परा संरक्षणको सारथी वडा कार्यालय बनेको छ । वडामा जनप्रतिनिधि निर्वाचित भएपछि स्थानीय संस्कृतिको संरक्षणमा थप टेवा पुगेको छ ।

थाहा नगरपालिका वडा नं. ९ चित्लाङमा कुश्ले बाजा संरक्षण, तामाङहरुको परम्परागत पोसाक, १२ वर्षे नाच, कात्तिके नाच, बली पूजा लगायत साँस्कृतिक क्षेत्रमा सहयोग पुऱ्याइएको छ ।

आर्थिक अभावले ससाना मेला पर्व चलाउन र परम्परा जोगाउन कुनै समस्या देखिएको छैन ।




# कर्मचारीलाई राष्ट्रिय पुरस्कार

पहिलो स्थानीय तह निर्वाचनपछिको पाँच वर्ष जनप्रतिनिधिहरु र कर्मचारीहरुबीचको सम्बन्ध अत्यन्तै सहयोगी र आत्मिय रह्यो । कर्मचारीहरुले उच्च मनोबलका साथ निष्ठावान रही कार्य गर्दा नगरपालिकाको विकास, सुशासन र पारदर्शिताले गति लियो । यसबीच नगरपालिका मात्र होइन, कर्मचारीहरु पनि राष्ट्रिय स्तरमै पुरस्कृत बन्न सफल भए ।

बेरुजु फछ्र्यौटमा नेपालमै सर्वोत्कृष्ट बनाएकोमा प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी र लेखा अधिकृत पटकपटक पुरस्कृत भए । त्यसैगरी उत्कृष्ट कार्य सम्पादन गरेवापत सूचना अधिकारी सुरजकुमार भुजेल सम्मानित भएका छन् ।






# टिस्टुङ पहिचान स्तम्भ

थाहा नगरपालिका वडा नम्बर ११ नौखण्डेमा स्वर्गीय अष्टमान बलको अर्ध कदको सालिक निर्माण गरिएको छ । टिस्टुङको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएकोले स्मरणस्वरुप पहिचान स्तम्भको रुपमा वडा कार्यालयले स्व. बलको सालिक स्थापना गरेको हो । यसको लागि वडा कार्यालयले रु. १० लाख खर्च गरेको छ ।

२००२ साल पुस १४ गते जन्मिएका अष्टमान बल २०४३ देखि २०४६ सम्म तत्कालीन टिस्टुङ पञ्चायतको जनपक्षीय प्रधानपञ्च निर्वाचित भएका थिए । बहुदल स्थापनापछि २०४९ सालको स्थानीय निर्वाचनमा उनी नेकपा एमालेबाट गाविस अध्यक्षमा निर्वाचित भएका थिए ।

नेपाल तामाङ घेदुङ मकवानपुरका संस्थापक अध्यक्षसमेत रहनुभएका बलको २०४९ कात्तिक ११ गते स्वर्गारोहण भएको थियो ।

# काठमाडौंको सेतु चन्द्रागिरी हिल स्टेशन

काठमाडौं र थाहानगरको सेतुको रुपमा रहेको चन्द्रागिरी भञ्ज्याङमा पर्यटन विकासका लागि हिल स्टेशन निर्माण गरिएको छ । बागमती प्रदेश सरकारको रु. ७ करोड ५० लाखमा यो स्टेशन निर्माण गरिएको हो । यहाँ आवासीय कोठाहरुसहित टावर निर्माण गरिएको छ भने आराम गृहसमेत बनाइएको छ ।

करिब २४०० मिटरको उचाइमा रहेको यस स्थानबाट काठमाडौं उपत्यकालाई प्रष्टसँग नियाल्न सकिन्छ भने नेपालको मध्ये हिमाली क्षेत्रका हिमश्रृङ्खलाहरुको अवलोकन गर्न सकिन्छ । सितापाइला, मुलाबारी चौर, देउराली, कोटथुम्की हुँदै दामनसम्मको पैदल तथा साइकल मार्ग पनि यही स्टेशनबाट शुरु हुन्छ । पैदलमार्गको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।




हिल स्टेशनको टावरमा



हिल स्टेशनबाट काठमाडौं नियाल्दा







# चिटिक्क मन्दिर

स्थानीय तहको निर्वाचनपछि स्थानीय बासिन्दामा स्थानीय संस्कृति र कला संरक्षणमा जागरण आएको छ । वडा कार्यालयहरु पनि स्थानीय संस्कृति संरक्षणमा जुटेका छन् ।

थाहा नगरपालिकाको वडा नम्बर ११ मा रहेको बागेश्वरी थान पुग्न बाटो असहज हुँदा निकै समस्या थियो । वडा कार्यालयले रु. ५ लाख बजेट विनियोजन गरेपछि अहिले फलामे रेलिङसहित सिँढी निर्माण गरेर सहज बनाइएको छ ।

बागेश्वरी थान नोखण्डेमा पर्छ । थान रहेको थुम्कामा सयौं वर्ष पुराना रुखहरु रहेका छन् । पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्धेश्यले यहाँ वडा कार्यालयले आकर्षक कुर्सीको व्यवस्था गरेको छ भने पिकनिकका लागि समेत उपयुक्त छ ।

११ नम्बर वडामै स्थानीयले महाँकाल मन्दिर चिटिक्क पारेका छन् । त्यस्तै सुन्दरीदेवी मन्दिर पनि चिटिक्क पारिएको छ ।



# शङ्खमूलको प्रकाश

विश्वमा रहेका तीन शङ्खमूलमध्ये एक भएर पनि थाहानगर को त्रिवेणी धामसँगै रहेको शङ्खमूललाई उचित प्रकाश पार्न सकिएको थिएन । थाहामा जनप्रतिनिधिहरु आएपछि यसको प्रचार मात्र होइन, त्रिवेणीलाई समेत जोडेर पर्यटकीय धामको रुपमा विकास गर्न एकीकृत योजनाका साथ कार्य गरियो ।

शङ्खमूल त्रिवेणी धामको प्रवर्धन र विकासको लागि थाहा नगरपालिकाले वर्षेनी बजेटको व्यवस्था गर्दै आएको छ । धामको हुँदै बग्ने ऋषेश्वर खोला र घर्तिखोलालाई समेत व्यवस्थित गर्ने र धामको विकास गर्ने गरी कार्य भइरहेको छ ।



# अब सीमभञ्ज्याङमा सात ताल

थाहा नगरपालिका मकवानपुरको सबभन्दा उच्च स्थानमा रहेको नगरपालिका हो । उच्च स्थानमा रहेको नगरपालिकाको पनि उच्च स्थानमा ताल निर्माण गरिएको छ । यो ताल वडानम्बर ४ को सीमभञ्ज्याङमा रहेको छ ।

प्रदेश सरकारको लगानीमा यहाँ अब यस्तै सातवटा ताल निर्माण गरिने भएको छ । तीन सय मिटर भित्र एउटै श्रोतबाट सातवटा ताल निर्माण हुन लागेको यो नेपालकै पहिलो हो ।

बहुवर्षीय योजनाअन्तर्गत सात ताल निर्माण गर्न बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ मा रु ३३ लाख बजेट विनियोजन गरेको छ । २५०० मिटरको उचाइमा अटुटरूपमा बगिरहने पानीलाई बाँध बनाएर ताल निर्माण गर्नेगरी प्रदेश सरकारले डिपिआर तयार गरिसकेको छ ।

अहिले निर्माण गरिएको तालमा भने स्थानीय विकास मन्त्रालयको रु सात लाख, सहरी विकास मन्त्रालयको रु तीन लाख र थाहाको रु तीन लाख गरी रु १३ लाख खर्च भइसकेको छ ।



# टोलमै हाइ-वे





पारि पाखाको त्रिभुवन राजपथमा सरर मोटरगाडी हुइँकिएको त देखिन्थ्यो, तर मोटर चढ्नका लागि राजपथसम्म पुग्न भने घण्टौं हिँड्नुपर्थ्यो । थाहा नगरपालिका वडा नम्बर ११ का बासिन्दाले लामो समयसम्म यस्तै सास्ती खेपे । अहिले भने उनीहरुलाई मोटर चढ्न त्रिभुवन राजपथ पुग्नुपर्दैन, बरु घर घरमै मोटर आइपुग्छ ।

वडामा जनप्रतिनिधि निर्वाचित भएपछि टोलटोलमा पुग्नेगरी सडक निर्माण हुन थाले । बस्ती तहको योजना छनोटमा सडक नै प्राथमिकतामा परे । वडा स्तरीय सडकका लागि रु. ३५ लाख बजेट विनियोजन भई काम भयो । अहिले हाइ-वे जत्तिकै बनेको देउराली-महाँकाल ५.५ किलोमिटर सडक स्तरोन्नतिको काम भइरहेको छ । यसको लागि थाहा नगरपालिका र प्रदेश सरकारको समपुरक बजेटबाट रु. ३ करोड ११ लाखमा ठेक्का लगाइएको छ ।

जनप्रतिनिधि आएपछि थाहाको ११ नम्बर वडामा महाँकाल-नागछेडा-हकर्दी सडक, ठाडे-तलाउ सडक, मालागिरी-मेलखोला सडक, देउराली-बज्रवाराही सडक, देउराली-मुलाबारी सडक, नौखण्डे-महाँकाल-डाँडीघाट सडक, नागन्भाल सडक, चित्रे-कुवापानी सडक, देउराली-छातेटोल सडकलगायत दर्जन सडक निर्माण तथा स्तरीकृत भएका छन् ।

वडाभित्र रहेका सडकहरुको कूल लम्बाइ ६१ किलोमिटर रहेको छ ।

# रोकियो बालबिवाह



थाहानगरलाई बालविवाहमुक्त नगर बनाउने लक्ष्यका साथ काम भइरहेको छ । तथापि धेरै चुनौतिहरु छन् । यही चुनौतिबीच नगरको जनचेतनामुलक अभियान भने घरघरसम्म पुगेको छ । अभिभावकहरु सचेत भएका छन् ।

यसको उदाहरण बनेकी छिन् थाहा नगरपालिका-४ नारायणभ्याउकी ५२ वर्षीया फूलमाया थिङ । औपचारिक शिक्षाको कमी भए पनि बालबिवाह हुन दिनु हुन्न भन्ने सचेतनाले गर्दा उनले आफ्नै छोरीको बालविवाह रोकिन् । अर्को गाउँको २० वर्षीय केटाले आफ्नो १४ वर्षीया छोरीलाई भगाएर लगेको थाहा पाउनेवित्तिकै उनी बालविवाहविरुद्ध उत्रिन् । छोरीको बालबिवाह हुन लागेको भन्दै उनले वडा अध्यक्ष दीपकसिं लामालाई फोन गरिन् ।

छोरीको बालविवाह भएकोबारे आमा सचेत हुनु र वडा अध्यक्षले यसबारे सूचना पाउनु नै बालविवाह रोकिनुको मूल कारण बन्न पुग्यो । वडा अध्यक्ष लामाले आफ्नै वडामा बाल बिवाह भएको सूचना पाउने वित्तिकै बागमती प्रदेशको सामाजिक प्रदेश मन्त्रालयमा खबर गरे । लगत्तै मन्त्रालयले बालबिवाह रोक्न तदारुकता देखायो र सरोकारवालाको पहलमा बालबिवाह रोकियो । यस कार्यका लागि सिविन बाल हेल्पलाइनले सहयोग गरेको थियो ।



# कृत्रिम गर्भाधान

# एउटा समाधान

थाहा नगरपालिकामा पशुपालक कृषकहरुले पाँच वर्षको अवधिमा तीन हजार बढी घरपालुवा पशुहरुमा कृत्रिम गर्भाधान गराएका छन्। खासगरी कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी र पाडीबाट हुर्केका गाईभैंसीमा दूध उत्पादन क्षमता बढी हुने भएकोले कृषकहरु व्यवसायिक पशुपालनतर्फ आकर्षित हुँदै गएका छन् ।

पशु व्यवसायमा राम्रो उन्नति गर्न पशुको कृत्रिम गर्भाधान (एआई) गर्ने व्यवस्था भएपछि थाहाका पशुपालक कृषकहरु खुसी भएका छन् । पशुको कृत्रिम गर्भाधान सेवालाई गाउँ-गाउँसम्म पुऱ्याइएको छ ।

आफूले चाहे अनुसारको उन्नत जातको पशुको उत्पादन हुने, छिटो, सजिलो र दूधको उत्पादनमा वृद्धि हुने भएकाले किसान कृत्रिम गर्भाधान प्रक्रियामा आकर्षित भइरहेका छन् ।




# सूचना प्रविधिमा अब्बल

मकवानपुरको १० पालिकामध्ये थाहा नगरपालिका सूचना प्रविधिमा अब्बल देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना प्रविधि शाखाले गरेको मूल्याङ्कन प्रतिवेदनले यस्तो देखाएको हो ।

स्थानीय तहमा सूचना प्रविधिको प्रयोग र यससंग सम्बन्धीत सेवा प्रवाहलाई सक्षम बनाउनका लागि मन्त्रालयले विभिन्न मापदण्ड बनाएर मूल्याङ्कन गरेको थियो। मूल्याङ्कन अध्ययनमा विभिन्न ७ क्षेत्रको ५० वटा सूचकहरु प्रयोग गरिएको थियो ।

पालिकाको सूचकहरुमा पालिकाले स्वतः प्रकाशन गर्नुपर्ने सूचना, प्रकाशन गरे नगरेको, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी लगायतको व्यक्तिको विवरण वेभसाइटमा राखिएको नराखिएको, पालिकाको वेभसाइट नियमित अपडेट भए नभएको, सूचना नियमित सार्वजनिकताको अवस्था लगायतको सूचकहरु रहेका थिए ।







# टोलटोलमा जोडियो सडक

थाहा नगरपालिका वडा नम्बर १० मा अब सडकले छुन बाँकी टोल रहेन । जनप्रतिनिधि निर्वाचनपछिको यो महत्वपूर्ण उपलब्धी हो । वडामा संघीय सरकारको रु. चार करोड लगानीमा कालोपत्रेको कामसमेत भएको छ ।

वडा कार्यालयले अहिलेसम्म टोलटोलमा पुग्ने सडकमा मात्रै रु. चार करोडभन्दा बढी खर्च गरेको छ । कलाँटो-टुपिखेल सडक, ठूलोचौर-सोसिण्डोल-लामीडाँडा-सीतापाइला, चम्पाकेश्वर-चनवन, चम्पाकेश्वर-अर्याल टोल-धारौर, न्हुल गाउँ बस्ती, टौखेल, अम्पुटोल, टौखेल-वडा कार्यालय आदि जनप्रतिनि निर्वाचनपछिका सडकहरु हुन् ।

चनवनदेखि चित्लाङ हुँदै थानकोट जोड्ने सडक यही वडा भएर गएको छ । त्यस्तै कुन्छाल-कुलेखानी सडकले छुने यस वडामा कालोपत्रे भइसकेको छ ।





# बन्दै शीतभण्डार किसान मक्ख


बेमौसमी तरकारी खेतीको राजधानी भनेर चिनिने थाहा नगर पालिकामा मूल्य आएको बेला बेच्न र बीउको लागि भण्डारण गर्न शीत भण्डार सँधै आवश्यक बनिरह्यो, तर पूरा भएन । नगरमा जनप्रतिनिधिहरु आएपछि यो विषय थप गहन बन्न पुग्यो । थोरै बजेटले नपुग्ने भएपछि नगरपालिकाले यसको लागि प्रदेश सरकारसँग आग्रह गर्‍यो । प्रदेश सरकारले शीत भण्डारका लागि बजेट विनियोजन गरेपछि निर्माण काम अघि बढ्यो ।

थाहा नगरपालिकास्थित विकास चौर, घर्तिखोलामा १५ रोपनी क्षेत्रफलमा १७ सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण भएको छ । यसमा बागमती प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ७० प्रतिशत अनुदान र थाहामा संचालित २७ वटा सहकारीहरुको ३० प्रतिशत लगानी छ । मन्त्रालयले ८ करोड ३ लाख रुपैयाँ अनुदान दिइसकेको छ ।

निर्माण सम्पन्न भएपनि यसमा अन्य आवश्यक यन्त्रहरु जडान गर्न बाँकी छ । अन्यत्र तरकारी भण्डारण गर्दा एक किसानले ५० किलोको ६ सय रुपैयाँसम्म तिनुपर्ने बाध्यकारी अवस्था अब अन्त्य हुने नगरपालिकाले विश्वास लिएको छ ।







## नयाँ गन्तव्य

# सीतापाइला

थाहा नगरपालिका वडा नम्बर १० मा रहेको सीतापाइला नगरकै एक नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकसित भएको छ । धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थान भएर पनि प्रचारप्रसार तथा प्रवर्धनको अभावमा सीतापाइला ओझेलमा परेको थियो ।

स्थानीय तह निर्वाचनपछि टोल-टोलमा विकासका रेखाहरु कोर्दै जाँदा सीतापाइला एक पर्यटकीय गन्तव्यको रुपमा विकास भएको हो । बिसिङ्खेलबाट उत्तरी मनोरम डाँडालाई गन्तव्य मानेर सडकैसडक अघि बढेपछि सीतापाइला पुगिन्छ । यो स्थान धादिङ जिल्लाको सीमाक्षेत्र पनि हो ।

त्रेता युगमा भगवान राम वनबासमा रहँदा सीताले खोजी गर्ने क्रममा एउटै ढुंगामा धेरै समय उभिदा टेकिएको ढुंगामा पाइला (छाप) बस्न पुगेको र सीतापाइला भन्न थालिएको जनबोली रहेको छ ।

सीतापाइलासम्म सडक पुनउन वडा नम्बर ९ कार्यालयले ५ वर्षको अवधिमा रु. ३३ लाख खर्च गरेको छ ।




# थाहा बहुप्राविधिक शिक्षालय

थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा १३० रोपनी क्षेत्रफलको जग्गामा थाहा बहुप्राविधिक शिक्षालय स्थापना भएको छ । नगरपालिकाको पहलमा यो सम्भव भएको हो ।



शुरुमा नेपाल-भारत मैत्री बहुप्राविधिक संस्थाअन्तर्गत रही वन विज्ञानको अध्ययन-अध्यापन शुरु गरिएकोमा अहिले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(सीटीईभीटी)कै आंगिक शिक्षालयको रुपमा स्थापित छ । हाल रु. ७ करोडको लागतमा शिक्षालयको भवन निर्माण गरिएको छ ।

यहाँ वन विज्ञान र सिभिल इन्जिनियरिङमा डिप्लोमा तहको पठनपाठन भइरहेको छ भने पशु विज्ञान र पर्यटन विषयको अध्यापन शुरु गर्ने अन्तिम तयारी छ ।




# माविसम्मका सबै विद्यार्थीलाई खाजा

सरकारले बाल विकासदेखि कक्षा-५ सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम लागू गरेको र यसबाट थाहा नगरपालिकाका विद्यार्थीहरु पनि लाभान्वित भएको कुरा त छँदैछ । यसको अतिरिक्त थाहा नगरपालिकाको एउटा यस्तो वडा छ जहाँ माविसम्मका सबै विद्यार्थीहरुले दैनिकरुपमा विद्यालयमै खाजा खान्छन् ।

थाहा नगरपालिका वडा नम्बर ११ का सबै विद्यार्थीहरुले यस्तो सुविधा पाएका हुन् । सरकारले दिवा खाजा कार्यक्रम लागू गर्नुपूर्व नै नौखण्डेस्थित बागेश्वरी माविका सात सय विद्यार्थीले दैनिक विद्यालयमा पौष्टिक खाजा खाने गर्दथे । जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको पहलमा प्रेमसागर फाउण्डेशनले नियमित रुपमा खाजा खुवाउने व्यवस्था गरेको हो ।

वडा नम्बर ११ का एक मावि, एक आवि र पाँचवटा प्राविमा अध्ययनरत सबै विद्यार्थीहरु दिवा खाजाको पहुँचमा रहेका छन् । दिवा खाजाले विद्यालयमा विद्यार्थीहरुको नियमिततामा टेवा पुगेको छ ।






# चिटिक्क पापुङ बस्ती

थाहा नगरपालिकाको वडा नम्बर ६ स्थित ऐतिहासिक पापुङ बस्तीको बाटोमा इट्टा विछ्याएर चिटिक्क पारिएको छ । बस्तीमा जाने जोकोहीलाई सो बाटोले निकै आकर्षित गर्छ र छुट्टै रमाइलो आभाष प्रदान गर्छ ।

थाहा नगरपालिका र वडा कार्यालयको पहलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई(भवन) मकवानपुरको आर्थिक सहयोगबाट पापुङ वस्तीलाई चिटिक्क पारिएको हो । प्राधिकरणको एकीकृत वस्ती विकास कार्यक्रमअन्तर्गत् रु. ७५ लाख सहयोगमा बस्ती चिटिक्क भएपछि स्थानीय बासिन्दा औधि खुशी भएका छन् ।

सो बस्तीमा ऐतिहासिक गोपाली जातीसहित महर्जन, श्रेष्ठ, बलामी लगायतका मानिसहरुको बसोबास रहेको छ ।






२०७२ सालको भूकम्पले निजी आवासमात्र होइन, थुप्रै सार्वजनिक सम्पत्तिको पनि भौतिक क्षति भयो । भूकम्पको चपेटामा धार्मिक क्षेत्र पनि पऱ्यो । थाहा नगरपालिकाको वडा नम्बर ६ मा रहेको गुम्बामा पनि भूकम्पको क्षति पुगेकोमा वडा कार्यालयको पहलमा संरक्षण गरिएको छ ।

वडा कार्यालयको पहलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले रु. १० लाख सहयोग गरेपछि गुम्बाको वाल तथा घेराबार निर्माण गरेर संरक्षण गरिएको छ ।

# गुम्बामा वडा कार्यालयको चासो





## वडा कार्यालयको सहयोग



# सबै विद्यालयमा कम्प्युटर

थाहा नगरपालिकाको वडा नम्बर ११ कार्यालयले वडामा रहेका विद्यालयहरुलाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउने प्रयास गरेको छ ।

यस अन्तर्गत् शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन वडा शिक्षा समितिले वडाभित्रका ७ वटा बिद्यालयहरु मध्ये ५ वटा प्राथमिक विद्यालयलाई १/१ सेट कम्प्युटर र प्रिन्टर प्रदान गरेको छ भने र माध्यमिक विद्यालयलाई २ वटा प्रोजेक्टर, र आधारभूत विद्यालयलाई १ वटा प्रोजेक्टर वितरण गरेको छ ।

विद्यालयमा कम्प्युटर, प्रिन्टर तथा प्रोजेक्टर वितरण कार्यक्रमका लागि वडा कार्यालयले बजेट विनियोजन गरेको थियो ।



# भित्रियो डिप बोरिङ प्रबिधि

थाहा नगरपालिका वडा नम्बर ६ मा वडा अध्यक्षको उमेदवार हुँदा शशिधर सुवेदीले घरघरमा धारा पुऱ्याउने बाचा त गरे तर समस्या चानचुने थिएन । २०७२ सालको भूकम्पले खानेपानीका मुहानहरु सुकेका थिए । भएका मुहानहरुबाट पनि सबैलाई पुग्नेगरी पानी वितरण गर्न सक्ने अवस्था थिएन । तर चुनौतिभित्रै अवसर पनि हुन्छ भन्ने कुराको साविती बनेर आयो डिप बोरिङ प्रविधि र गैरसरकारी संस्था ।

युके एडको सहयोग र सामुदायिक विकास केन्द्र नेपाल (सीसीडीएन)को सहयोगमा वडामा डिप बोरिङ प्रविधिबाट १ लाख लिटर क्षमताको ट्याङ्कीमा पानी जम्मा गरियो र ५४० घरमा वितरण गरियो । करिब रु. ३ करोड लगानीमा सम्पन्न भएको यस योजनामा थाहा नगरपालिकाले १० प्रतिशत रकम खर्च गरेको थियो भने उपभोक्ताहरुले रु. ५ हजार बराबरको श्रमदान गरेका थिए ।

वडामा वृहद खानेपानी आयोजना सम्पन्न भएपछि अब 'एक घर, एक धारा' को सपना पूरा भएको छ । आगामी दिनमा वडामा ५ सय घरधुरी थपिए पनि खानेपानीको समस्या हुँदैन । यो आयोजनाले छुन नसकेको तिनाल बस्तीमा अर्को रु. १ करोडको खानेपानी आयोजना सञ्चालन भइरहेको छ ।



# कुलो : मूल्य ठूलो



कुलोको मूल्य ठूलो छ । किनकि यससँग जीवन र जीविका जोडिएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ४ ले १९ लाख खर्च गरेर किटेनीका करिब १०० घरधुरीलाई प्रत्यक्ष लाभ पुग्नेगरी कुलो मर्मत गरेको छ ।

थानाबजारसम्म समेटिने गरी पुनर्निर्माण गरिएको यस कुलोको सदुपयोगबाट स्थानीय कृषकहरु निकै लाभान्वित भएका छन् । वर्षौंदेखि चल्तीमा रहेको कूलो कमजोर हुँदै गएपछि वडा कार्यालयले सोको दीर्घकालीन समाधानमा चासो देखाएको हो ।





# वडामा विषयगत समितिहरु सक्रिय


# नगरको फरक अभ्यास

थाहा नगरपालिकाको वडा नम्बर ११ मा वडा कार्यालयअन्तर्गत विषयगत समितिहरुलाई सक्रिय गराई विकास गतिविधिहरुमा जनसहभागिता जुटाउने प्रयास गरिएको छ । वडामा गठित वडास्तरीय शिक्षा समिति, कृषि विकास समिति, खेलकुद समिति, विपद व्यवस्थापन समिति लगायत सबै समितिहरु सक्रिय छन् । वडाको विकासका लागि विषयगतरुपमा बजेट बाँडफाँड र परिचालन पनि विषयगत समितिहरुले नै गर्ने गर्दछन् ।

वडाको शिक्षा समितिले शिक्षा क्षेत्रको विविध विकासको लाषि आवश्यक योजना तर्जुमा तथा शिक्षा क्षेत्रमा बिनियोजित बजेटको कार्यान्वयन गर्दछ । यसअन्तर्गत् विद्यालयहरुलाई सूचना तथा सञ्चार प्रविधि हस्तान्तरण, सबै बालबालिकाहरुलाई छात्रवृत्ति तथा अन्य शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

विपद व्यवस्थापन समितिले रु. एक लाख बराबारको आपतकालीन कोष खडा गरेको छ भने विपद पूर्व तयारी अन्तर्गत् डोरी, लाइफ ज्याकेट, आरा सावेल, स्ट्रेचर, त्रिपाल लगायत सामग्री तथा औजारहरु तयारी अवस्थामा राखिएको छ ।

त्यस्तै वडामा दर्ता भएका १३ वटा कृषक समूहहरुको वडास्तरीय मूल समिति बनाई वडाबाट कृषिमा विनियोजित बजेटको बाँडफाँड तथा कार्यान्वयन गर्ने गरिएको छ । यसअन्तर्गत् हाते ट्याक्टर वितरण, खाल्डो खन्ने मेशिन, कटिङ मेशिन, छटनी गर्ने औजार आदि वितरण गरिएका छन् ।






# अब नगरमै अस्पताल

थाहानगरमा २०७४ को निर्वाचनपछि जनप्रतिनिधिहरु आएपछि प्राथमिक स्वास्थ्य केन्द्रलाई सकेसम्म सुविधासम्पन्न बनाउनेतर्फ त कार्य भएकै थियो, तर अस्पताल भनेको त अस्पताल नै हो । दक्ष जनशक्तिदेखि प्रविधि र सेवा सुविधाहरु नै बढी हुन्छ । त्यसको आवश्यकता पनि थियो ।

तदनुरुप संघीय सरकारले पालिकाहरुमा अस्पताल बनाउने घोषणा गरेपछि थाहा नगरपालिकामा पनि खुशीयाली छायो । नगरपालिकाको लामो प्रयास पनि यसमा सहयोगी बन्यो । अहिले धमाधम थाहा नगरपालिकाको वडा नम्बर ४ मा प्राथमिक अस्पताल बनिरहेको छ ।

२०७८ बैशाख २६ गते निर्माण ठेक्का सम्झौता भएको अस्पताल सम्झौतानुसार ठीक २ वर्षमा सम्पन्न भइसक्नुपर्नेछ । अहिलेसम्म नगरमा अस्पताल देख्न नपाएका नगरबासीहरुको लागि यो धेरै खुस्को कुरा हो । अस्पताल भवनका लागि १२ करोड ५६ लाख रुपियाँमा सम्झौता भएको छ ।





# आलु-काउली हेरेरै रमाउली


बेमौसमी तरकारी खेतीका लागि नेपालमै चर्चा कमाएको यस थाहा नगरपालिकामा कृषि उपजको प्रतीकको रुपमा काउली र आलु स्तम्भ निर्माण गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ४ स्थित नयाँगाउँमा त्रिभुवन राजपथकै छेउमा काउली स्तम्भ देख्न सकिन्छ । स्तम्भमा एउटा ७० किलोको कृत्रिम काउलीसँगै ३५/३५ किलोका दुईवटा कृत्रिम आलु राखिएका छन् ।

बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा काउली स्तम्भ निर्माण गरिएको हो ।

थाहा नगरपालिका आउने पर्यटकहरुलाई नगरपालिकाको मुख्य पेशागत पहिचानबारे जानकारी दिन र पर्यटन प्रर्वधन गर्न काउली स्तम्भ निर्माण गरिएको हो ।

काउली स्तम्भ तयार भएपछि त्रिभुवन राजपथ भएर गुडिरहेका सवारीका यात्रुहरु सवारी रोकेर स्तम्भमा जाने र 'सेल्फी'समेत खिच्ने गरेका छन् । सो क्षेत्रबाट थाहा नगरपालिकाको पालुङ क्षेत्रका हरिया फाँट तथा बस्तीहरु देख्न सकिन्छ । स्तम्भनजिकै थाहा आन्दोलनका प्रणेता स्वर्गीय रुपचन्द्र विष्टको स्मृतिमा निर्माण गरिएको थाहा पार्कसमेत रहेको छ । नजिकै रिसोर्ट र होटलहरु समेत रहेका छन् ।

# नेपालकै लामो भऱ्याङ





थाहा नगरपालिकाको दामनमा १५७ खुड्किलाको ७० मिटर लामो फलामे भऱ्याङ निर्माण गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रु ५० लाख आर्थिक सहयोग र थाहा नगरपालिकाको सहजीकरणमा फलामे भऱ्याङसहित पार्क निर्माण गरिएको हो ।

यो भऱ्याङ नेपालकै लामो फलामे भऱ्याङ हो । भऱ्याङबाट माथि समुद्री सतहबाट करिब दुई हजार ४०० मिटरको उचाइमा रहेको अग्लो स्थानलाई प्राकृतिक कौशीको रुप दिइएको छ । कौशीमा बिछ्याएर चिटिक्क पारिएको छ ।

यहाँबाट विश्वको सर्वोच्च शिखर सगरमाथासहित नेपालका आधा दर्जन उच्च हिमश्रृङ्खला दृश्यावलोकन गर्न सकिन्छ । साथै थाहा नगरपालिकाका धेरै भूभागलाई नजिकबाट नियाल्न सकिन्छ ।

# बल्ल बल्यो बिजुली

कुलेखानीको डिलैमा भएर पनि थाहा नगरपालिका वडा नम्बर १० को नयाँ बस्तीमा बिजुली पुग्न सकेको थिएन । कलाँटु र अम्बुटोलका केही घरमा पनि बिजुली बल्न सकेको थिएन । छरछिमेकको उज्यालो हेरेर चित्त बुझाउनुपर्ने अवस्था थियो । तर अब तीन दिन गएको छ ।

१० नम्बर वडा कार्यालयको पहलमा अहिले वडाका सबै टोल र घरमा बिजुली पुगेको छ । वडामा जनप्रतिनिधिको व्यवस्था भएपछि करिब २० घरमा बत्ती बलेको छ ।

बिजुली बत्ती पुगेपछि स्थानीय बासिन्दालाई निकै सुबिस्ता भएको छ ।









# बाँदर भगाउँदै

थाहानगरका किसानहरुलाई पहिले बाँदरले यति दुःख देलान्जस्तो लागेको थिएन । बरु उनीहरु दुम्सी, मृग, कालिज, मलसाप्रो, स्याल, वनविरालो आदिबाट पीडित थिए । पछिल्ला वर्षहरुमा भने सबैभन्दा आक्रान्त नै बाँदरबाट बन्न पुगे । मेहनत गरेर लगाएको बाली सयौँको सङ्ख्यामा आउने बाँदरको बथानलाई रजाइँ भएपछि किसानहरुले वडा कार्यालय र नगरपालिकालाई दुखेसो पोखे ।

बाँदर धपाउन के उपाय गर्ने भनेर बुझ्दै जाँदा अन्य कतिपय जिल्लामा यन्त्रको प्रयोग भइरहेको थाहा पाएपछि नगरपालिकाले पनि यसको लागि पहल गऱ्यो । अन्ततः राष्ट्रिय आविष्कार केन्द्र नेपालका प्रमुख महाविर पुनसँग सम्पर्क गरी नगरपालिकाले बाँदर धपाउने बन्दुक भनेर चिनिने यन्त्र खरिद गरेर किसानहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गऱ्यो । नगरको कृषि विकास शाखाले यसको अगुवाइ गरेको थियो । बाँदर भगाउने यन्त्रमा रु. एक लाख २० हजार खर्च गरिसकेको छ ।

अहिले त नगरमै एक जनाले बाँदर धपाउने यन्त्र बनाउँछन् । नगरमै यन्त्र खरिद गर्न पाइने भएपछि अब पहिलेजस्तो काठमाडौँ धाइरहनुपर्दैन । यन्त्रमा बारुद भरेर पड्काउने र त्यसबाट भयंकर आवाज आउने हुँदा बाँदरहरु तुरुन्तै नफर्किने गरी भाग्ने गरेको किसानहरुको भनाइ रहेको छ ।

थाहा-६२

# टर्कीको ओखर रोपेकै वर्ष फल





पहिले ओखर पाइने भएरै ओखरगाउँ भनिएको होला। पछिल्लो पुस्ताले भने ओखरगाउँमा ओखर देख्न पाएनन् । अहिले थाहानगरपालिकाले ५० प्रतिशत अनुदानमा ओखरका बिरुवा वितरण गरेपछि भने ओखरगाउँ साँच्चै ओखरगाउँ हुने भएको छ ।

नगरपालिकाले ओखरगाउँसहित वडा नम्बर १, ५, ७, ११ र १२ मा गरी १६४५ ओटा ओखरका विरुवा वितरण गरेको छ । टर्कीबाट ल्याइएको १६४५ विरुवा रोपिएको हो । कलमी गरि एको विरुवा भएकोले रोपेको पहिलो वर्ष नै फल लागेको कृषि विकास शाखाले जनाएको छ ।

ओखरमा नगरपालिकाले रु. ५ लाख खर्च गरेको छ ।






# वडाका १६० परिवारलाई

# निःशुल्क स्वास्थ्य बीमा

थाहा नगरपालिका १२ नम्बर वडा कार्यालयले वडाका १६० परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गरिदिएको छ ।

वडाका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित र एकल महिलाले नेतृत्व गरेको सबै परिवारलाई वडा कार्यालयले वडाको बजेटबाट निःशुल्क स्वास्थ्य बीमा गरिदिएको हो ।

निःशुल्क स्वास्थ्य बीमाका लागि वडा कार्यालयको रु. पाँच लाख चार हजार खर्च भएको छ ।

वडा कार्यालयले निःशुल्क स्वास्थ्यबीमा गरिदिएपछि वडाका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित र एकल महिलाले नेतृत्व गरेको सबै परिवार खुशी छन् । उनीहरुले वडा कार्यालय र थाहा नगरपालिकालाई धन्यवाद दिएका छन् ।

सरकारले उपलब्ध गराउने सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गतको बीमा गर्ने कुनै पनि व्यक्तिले तोकिएको कुनै पनि सरकारी अस्पतालबाट ओपीडी सेवा, इमर्जेन्सी, ल्याब उपचार, सामान्य अपरेशन लगायतका उपचार प्राप्त गर्न सक्छन् । त्यस्तै, सरकारले तोकेको निःशुल्क औषधी प्राप्त गर्न सकिन्छ ।



# खोला कटाएर खेल मैदान



वडामा खेलको विकास गर्ने र खेलाडीहरु उत्पादन गर्ने सोच थियो । तर खेलमैदान थिएन । खेलमैदान बनाउन उपयुक्त जमिन पनि थिएन । तर, असम्भव के छ र ।

थाहा नगरपालिकाको वडा नम्बर ११ मा ढड्यान सम्याएर मज्जाले फुटबल खेल्न पुग्ने मैदान निर्माण गरिएको छ । खोलालाई व्यवस्थापन गरेर पहिलेको खोलामाथि निर्माण गरिएको मैदानमा वर्षेनी फुटबल प्रतियोगिताको आयोजना गर्न शुरु गरिएको छ ।

वडा कार्यालयको १८ लाख बजेटमा मैदान निर्माण गरिएको हो । खुकुरी ढुङ्गासँगै रहेकोले यो खेलमैदानलाई खुकुरी मैदानको नामले चिनिन्छ ।



# ठडियो भवन

# शुरू भयो स्वास्थ्य सेवा

थाहा नगरपालिकाको वडा नम्बर १२ मा जनप्रतिनिधि आएपछिका सफलताहरुमध्ये एक हो स्वास्थ्य सुविधा । नगरपालिकाका सबै वडामा स्वास्थ्य सेवा विस्तार गर्ने थाहा नगरपालिकाको लक्ष्यमुताविक यो वडामा स्वास्थ्य सेवा सुचारु गरिएको हो । नगरपालिका गठन हुँदा साविक टिस्टुङ गाविस दुईवटा वडामा विभाजित हुँदा टिस्टुङ स्वास्थ्य चौकी अर्को वडामा परेपछि १२ नम्बर वडाबासी स्वास्थ्य सेवाको सरकारी पहुँचबाट बन्चित भएका थिए ।

वडाका बासिन्दा साधारण विरामी पर्दा पनि नजिक उपचार गर्ने ठाउँ थिएन । ११ नम्बर वडा नौखण्डे वा धादिङको थाक्रे गाउँपालिका जानुपर्ने बाध्यता अब भने हटेको छ ।

दुई तलाको सुविधासम्पन्न भवन बनाइएपछि वडा नम्बर १२ मा लिति आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको हो ।

स्वास्थ्य केन्द्रमा प्रसुती केन्द्रको व्यवस्थाका साथै आधारभूत स्वास्थ्य सुविधा उपलब्ध छ । नियमित खोपका कार्यक्रमहरु पनि यही केन्द्रबाट सञ्चालन हुन्छ । लिती, महाँकाल, जगडाँडा, डाँडीघाट लगायत टोलका बासिन्दाले यस केन्द्रबाट प्रत्यक्ष लाभ पाएका छन् ।






# बाइबाइ क्षयरोग

थाहानगर कार्यपालिका अहिले क्षयरोग मुक्त नगर बनाउने अभियानमा छ । क्षयरोगमुक्त नेपाल अभियानअन्तर्गत् मकवानपुरको थाहा नगरपालिका यो अभियानमा छ । मकवानपुरमा यही पालिकामा मात्र अहिले अभियान चलिरहेको छ ।

अभियानअन्तर्गत् थाहामा २२ जना क्षयरोगका बिरामीहरु स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा नियमित औषधि सेवन गरिरहेका छन् । क्षयरोगका लक्षणसँग मिल्दाजुल्दा लक्षण देखिएकाहरुको ट्रेसिङ तथा कन्ट्याक्ट ट्रेसिङ गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, विभिन्न सरोकारवालाहरुलाई तालिमदिने जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

# बोयर बाख्रा श्रोतकेन्द्र





थाहा नगरपालिका-११ खाप्लुङमा बोयर जातको बाख्राको स्रोत केन्द्र स्थापना गरिएको छ । थाहा नगरपालिकाको आर्थिक सहयोगमा मनकामना कृषि तथा पशुपंक्षी कृषक समूहले बोयर बाख्रा श्रोत केन्द्र स्थापना गरेको हो ।

छिटो बढ्ने र धेरै तौल हुने विशेषता भएको बोयर जातको बाख्रातर्फ स्थानीय कृषकहरुको आकर्षण बढेपछि नगरपालिकाले बोयर बाख्राको श्रोत केन्द्र नै स्थापना गरेको हो । बोयरको पाठापाठी एकदमै छिटो बढ्छ । दैनिक २ सयदेखि ३ सय ग्रामका दरले तौल बढ्ने र बयस्क बोयर बाख्रा तथा बोकाको तौल १ सय ५० किलोग्राम सम्म हुने भएकोले थाहानगरका कृषकहरु व्यवसायिकरुपमा बोयर बाख्रापालनतर्फ लागेका छन् ।






# ज्योति फर्काउँदै

# सामुदायिक आँखा केन्द्र

आँखामा सामान्य समस्या भयो भने पनि उपचार गर्न समस्या थियो । हेटौँडा-काठमाडौँ जाँदा खर्च र झन्झट उस्तै । नगर मै आँखाको उपचार गर्ने केन्द्र खोल्न पाए आँखाको ज्योति गुमाएर बसेका धेरै नागरिकलाई फेरि संसार देखाउन सकिन्थ्यो की भन्ने जनप्रतिनिधिहरुको चाहनामा सामुदायिक आँखा केन्द्र, नेपाल र तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँ वरदा नबनेर खडा भइदिए । अनि बन्यो, सामुदायिक आँखा केन्द्र ।

२०७५ बैशाखमा थाहा नगरपालिका र तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँबीच सम्झौता भयो । नगरपालिकाले दुई रोपनी १४ आना जमीन उपलब्ध गरायो । का मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका-३ मा सामुदायिक आँखा केन्द्र स्थापना भई सञ्चालनमा आएको छ । सामुदायिक आँखा केन्द्र, नेपाल आँखा कार्यक्रम र तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँको समन्वयमा सञ्चालन गरिएको हो ।

नगरपालिकाको रु ४० लाख लागतमा आँखा केन्द्रको चार कोठे पक्की भवन निर्माण भई सञ्चालनमा रहेको छ । अहिलेसम्म आँखा केन्द्रमा ८६३५ जना आँखाका विरामीहरुको उपचार भइसकेको छ । मोतिविन्दु तथा अन्य शल्यक्रिया गर्नुपर्ने विरामीहरुका लागि केन्द्रमा बेलाबेला शिविरसमेत सञ्चालन गरिएको छ ।



# चिटिक्क इन्द्रायणी माइ

थाहा नगरकै प्रशिद्ध इन्द्रायणी माइ शक्ति पीठ जीर्ण हुँदै गएको थियो। नेपालको पुरातत्व सम्पदा सूचीमा रहेको इन्द्रायणी माइ पीठप्रति नगरमा जनप्रतिनिधि आएपछि पुरातत्व विभागको आँखा पऱ्यो। अहिले यो पीठ चिटिक्क पारिएको छ।

इन्द्रायणी माई थानको वरपरको पर्खालहरु भत्केर जीर्ण हुनुका साथै थानको स्वरुप पनि नराम्रो देखिन थालेपछि पुनर्निर्माणको पहल थालिएको थियो।

इन्द्रायणी-भगवती-कालाभैरब गुठी संरक्षण समितिको अगुवाइमा पुरातत्व विभागको रु. १५ लाख खर्चमा इन्द्रायणी माई थान पुनर्निर्माण गरिएको छ। यसमा परम्परागत चुना, सुर्की, ढुंगा आदिको प्रयोग गरिएका छन्। पुनर्निर्माणको क्रममा रेलिङसहित भुईमा ढुङ्गा विछ्याएर इन्द्रायणी परिक्रमाको लागि सहज बाटोसमेत निर्माण गरिएको छ।

इन्द्रायणी माईलाई स्थानीय जनधनको रक्षा गर्ने देवीको रुपमा लिने गरिन्छ। इन्द्रायणी माईको उत्पत्ति कहिले भयो भन्ने एकीन नभए पनि ताम्रपत्रअनुसार वि. सं. १९१४ सालबाटै जात्रा शुरु भएको पाइएको छ। रथयात्रासहित हरेक तीन-तीन वर्षमा भव्य जात्रा लाग्ने इन्द्रायणी माईको हरेक शनिबार विशेष पूजा हुनुका साथै भक्तजनहरु मनोआकाँक्षा पूरा होस् भने भाकलसमेत गर्दछन्।




# वडाको बजेट वडामै एम्बुलेन्स

चित्लाङका मानिस बिरामी पर्दा स्वास्थ्य संस्थासम्म पुऱ्याउन साधनको अभाव थियो। आकस्मिक रुपमा अस्पताल पुऱ्याउनुपर्ने अवस्थाका गर्भवती, सुत्केरी, हृदयघात, दुर्घटना लगायतका घटनामा अर्को विकल्प थिएन । काठमाडौँबाट नजिक भएर पनि सवारी साधनको अभावमा समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था थियो । तर अहिले त्यो दिन गएको छ ।

थाहा नगरपालिका वडा नम्बर ९ कार्यालयको पहलमा वडामा नयाँ एम्बुलेन्स आएको छ । चित्लाङ स्वास्थ्य चौकी मातहत राखिएको एम्बुलेन्स खरिदका लागि वडा कार्यालयले रु. ९ लाख बिनियोजन गरेको थियो ।

वडामै एम्बुलेन्स आएपछि अब सुत्केरी तथा अन्य आकस्मिक स्वास्थ्य सेवाका लागि निकै सहज भएको छ ।



# टोल टोलमा सडक

थाहा नगरपालिकाको वडा नम्बर ९ मा टोल-टोलमा सडक पुगेको छ । अब सडक पुग्न बाँकी टोल नै छैन भने पनि हुन्छ । २०७४ सालको स्थानीय तह निर्वाचनबाट जनप्रतिनिधि आएपछि वडाको सिरुपाटा-सिरुडाँडा सडक, कपुगाउँदेखि कुश्लेचौर हुँदै कोटीखेलसम्म पुग्ने सडक, भण्डारखर्क हुँदै जुङेखोला जाने सडक, पौवा हुँदै भण्डारखर्क जाने सडक, विचारीथोक हुँदै फरेष्ट्री जाने सडक, स्वास्थ्यचौकी हुँदै फरेष्ट्री जाने सडक, टुपीखेल हुँदै रातोमाटे पुग्ने सडक, टिपटार हुँदै छकवुसम्मको सडक लगायत दर्जन बढी सडकहरु बनेका छन् । वडाको बजेटको ८० प्रतिशत भन्दा बढी रकम सडकमै खर्च भएको छ । घर नजिकसम्म सडक पुगेपछि नागरिकलाई निकै सुविस्ता भएको छ ।

चित्लाङ-चन्द्रागिरी-थानकोट(गणेशमान सिंह) मार्गको ठूलो हिस्सा यही वडामा पर्छ । प्रदेश सरकारको सहयोगमा निमार्ण भइरहेको चौकी-कपुगाउँ-बज्रमाठ-मार्खु सडक र नाराहिटी-भेडाफार्म-मार्खु सडक यो वडाका महत्वपूर्ण सडकहरु हुन् ।


वडामा निर्माण भएका सबै सडकहरुको लम्बाइ जोड्दा करिब ५० किलोमिटर पुग्छ ।







थाहा-७२




## अब आफ्नै पाठ्यक्रम

# भुइँ चिन्दै बालबालिका

देश-विदेश चिनायो, आफ्नै भूमि नचिन्ने । यस्तो समस्यालाई समाधान गर्न सरकारले स्थानीय पाठ्क्रम लागू गर्ने नीति-नियम बनायो । यसलाई थाहा नगरपालिकाले अवसरको रुपमा लियो ।

निकै मेहनत गरेर पाठ्यक्रम तयार पारेपछि अहिले ‘थाहा ज्ञानमाला’ पाठ्यपुस्तक छापिएर आइसकेको छ । अब २०७९ सालबाटै स्थानीय पाठ्क्रममा पढाइ हुनेछ ।

अहिले पहिलो चरणमा पालिकाभित्रका कक्षा १ देखि ५ सम्म ‘थाहा ज्ञानमाला’ को पठनपाठन हुनेछ । अर्को वर्ष दोस्रो चरणमा ६ देखि ८ कक्षासम्म स्थानीय पाठ्यक्रम लागू हुनेछ । कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तकमा दार्शनिक रुपचन्द्र विष्ट र थाहा अभियानबारे सामान्य जानकारी समावेश गरिएको छ ।

थाहा नगरपालिकाको नामकरण, थाहा नगरपालिका क्षेत्रको भौगोलिक अवस्था, खोला, नाला, वोटविरुवा र हावापानी, सरसफाइ आदि पुस्तकमा समेटिएका छन् ।



# लौ आयो नयाँ दुरविन



अरु त त्यस्तै हो, दुरवीन नै गतिलो नभएपछि दामन भ्युटावर भ्युटावरजस्तो हुन सकेको थिएन । नेपालकै पहिलो शीतल टावर को रुपमा विश्व परिचित दामन भ्युटावरमा पछिल्ला वर्षमा आउने पर्यटकहरु दुरविन गतिलो नभएकै कारण निरास भएर फर्किन्थे । दुरविन पनि अगतिलो त होइन, तर पचासौँ वर्ष पुरानो भइसकेको दुरविनको लेन्सले काम गर्न छोडेको थियो । सो दुरविनलाई कुनै बेला नेपालकै शक्तिशालीमध्ये मानिन्थ्यो । पहिले सो दुरविनको सहायताले सर्वोच्च शिखर सगरमाथा नजिकै देखिन्थ्यो ।

भ्युटावरमा अहिले पहिलेको भन्दा शक्तिशाली दुरवीन ल्याइएको छ । थाहा नगरपालिकाले रु. १८ लाख खर्च गरेर २५ गुणा १०० मेगापिक्सल क्षमता भएको र यसअघिको भन्दा १० गुणा बढी क्षमता रहेको दुरवीन ल्याइएको हो ।

भ्युटावरमा दुरवीन जडा गरिएपछि अहिले पर्यटकहरुको घुइँचो लाग्न थालेको छ ।



# भित्रियो शववाहन

'शव बहान नहुँदा अन्य गाडीहरुले लास बोक्न मान्दै-मान्दैनन्, मानिहाले पनि जति पैसा भन्यो, त्यति तिर्नुपर्ने, हेटौंडा-काठमाडौँबाट शव बहान आउन उस्तै मुस्किल ।'

थाहा नगरपालिकामा अहिले यो समस्या हल भएको छ । नगरपालिकाको अपेक्षानुसार टिष्टुङ बज्रवाराही नेवा: पुचः ले शववाहन उपलब्ध गराएको हो । अहिले वाहनको उचित सञ्चालन तथा व्यवस्थापन भइरहेको छ ।







## ठाउँठाउँमा

# आराम स्थल

पर्यटक, यात्री, बटुवा वा जोकसैलाई आराम गर्न सजिलो होस् भन्ने हेतुले थाहा नगरपालिका वडा नम्बर ११ कार्यालयले वडाको विभिन्न स्थानहरुमा आकर्षक कुर्शीहरुको व्यवस्था गरेको छ । सिमेन्टबाट निर्मित चार जनासम्म बस्न मिल्ने कुर्शीमा रंगरोगन गर्नुका साथै विभिन्न चित्रहरुसमेत देखिन्छन् ।

खासगरी वडाका धार्मिक तथा पर्यटकीय गन्तव्यहरु र सडकका छेउमा यस्ता कुर्शीहरु राखिएका छन् । प्रति गोटा रु. सात हजारका दरले ५० वटा कुर्शी खरिद गरी वडाको विभिन्न स्थानमा राखिएको हो ।

आरामका लागि ठाउँ-ठाउँमा कुर्शीको व्यवस्था गरिएपछि थाहा-११ घुम्ने जोकोहीलाई थप सहज महशुस हुने गर्छ ।



# सिँढी चढेर
# रमाइलो डाँडा



थाहा नगरपालिका वडा नम्बर ११ मा समुद्र सतहदेखि करिब २००० मिटरको उचाइमा रहेको रमाइलो डाँडा नामजस्तै रमाइलो छ । यस थुम्काबाट टिस्टुङका सबै भूभाग नियाल्न सकिन्छ भने धादिङ र नुवाकोटका भूभागहरु पनि देख्न सकिन्छ ।

डाँडामा दुईवटा जोडी ढुङ्गा रहेकोले भालेपोथी डाँडा भनेर चिनिने यो डाँडा पैदल मार्गसँगै पर्यटकीय गन्तव्य हुन सक्ने ठानेर रमाइलो डाँडा नामाकरण गरी आवश्यक पूर्वाधारहरु निर्माण गरिएको छ ।

डाँडामा जमिनलाई सम्म पारेर आरामको लागि उपयुक्त बनाइएको छ भने डाँडासम्म पुग्न वडा कार्यालयको पहलमा सिँढीहरु निर्माण गरिएको छ ।






## थाहानगरको गौरब

# मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

चित्लाङमा थाहा नगरपालिकाले उपलब्ध गराएको करिब ११०० रोपनी क्षेत्रफलमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माण भइरहेको छ । विश्वविद्यालयका लागि हाल प्रशासनिक भवन निर्माण गरिएको छ । पूर्णरुपमा पूर्वाधार निर्माण हुँदा ४३ अर्व लाग्ने अनुमान गरिएको छ । वहुवर्षीय योजना अन्तर्गत् संघीय सरकारले यसका लागि वर्षेनी बजेट विनियोजन गर्ने गरेको छ ।

देशका लागि आवश्यक पर्ने सक्षम, उच्चकोटीको प्राविधिक, वैज्ञानिक, विचारक, सिद्धान्तकारहरुको उत्पादन र नवीनतम खोज, ज्ञान तथा प्राविधिको विकास गर्ने उद्धेश्यले संघीय सरकारले यहाँ विश्वविद्यालय निर्माणको काम अघि सारेको हो । एकसाथ ४ हजार विद्यार्थीले अध्ययन गर्न सकिनेगरी निर्माण शुरु गरिएको यस विश्वविद्यालयमा विज्ञान तथा प्रविधि, मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानून र न्याय लगायत विषय र क्षेत्रको अध्यापन गराउने तयारी छ ।

**थाहा-७८**




# बेरुजु फछ्र्यौटमा सर्वोत्कृष्ट

बेरुजु फछ्र्यौटमो मामिलामा जनप्रतिनिधि आएपछिका वर्षहरुमा थाहा नगरपालिका देशमै उत्कृष्ठ ठहरिँदै आएको छ । आर्थिक वर्ष २०७४/०७५ सम्मको बेरुजु अंकको ६ दशमलब ६ प्रतिशत फछ्र्यौट गरेकोमा थाहा नगरपालिकालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पुरस्कृत गरेको थियो ।

आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षणबाट २ दशलमव ५४ प्रतिशत बेरुजु कायम गरी सर्वोत्कृष्ट कार्य गरेको ठहर सहित मन्त्रालयले थाहा नगरपालिकालाई उत्कृष्ट घोषणा गरेको थियो । त्यस्तै, बेरुजु फछ्र्यौटको अवस्थामा सुधार गरी थाहा नगर महालेखा परीक्षकको ५७औं प्रतिवेदनअनुसार देशकै सर्वोत्कृष्ट स्थानीय तह घोषित भएको थियो । आव २०७५/०७६ मा थाहा नगरपालिका देशकै पहिलो स्थानीय तह बन्न सफल भएको हो ।






# आहा !


# स्वास्थ्य भवन

पहिले गाउँ विकास समितिभरिकै स्वास्थ्य संस्था हुँदा पनि खासै सुविधा थिएन । भौतिक पूर्वाधार पनि उस्तै । स्वास्थ्यप्रतिको जनचेतना पनि उस्तै कमजोर ।

नगरपालिका गठन भएर एउटा वडामा कायम हुँदा आग्राबासीले पाएको धेरै सुविधामध्ये एक हो स्वास्थ्य । आग्रामा निर्माण गरिएको यही भवनलाई हेर्दा पनि सुविधाहरुको आँकलन गर्न सकिन्छ ।

थाहा नगरपालिका र च्वाइस नेपालको सहकार्यमा यो भवन निर्माण गरिएको हो । यहाँ प्रसुती, ओपीडी, खोप लगायत सेवा उपलब्ध छन् ।

थाहा-८०



## पर्यटकीय


# गन्तव्य गाउँ

नेपालमै पुरानो र मौलिक सभ्यता भएका गोपालीहरुको बस्ति रहेको कुन्छाल गाउँ । थाहा नगरपालिकाको वडा नम्बर १ मा रहेको यो गाउँ पर्यटकहरुका लागि गन्तव्य गाउँ हो । यो गाउँलाई थाहा नगरपालिकाको अनुरोधमा नेपाल सर कारले सन् २०१७-२०१८ को लागि नयाँ गाउँ गन्तव्यको रुपमा घोषणा गरेको थियो ।

त्रिभुवन राजपथको छेवैमा रहेको यो गाउँमा रहेका बनेका घरहरु प्राय : एकै प्रकारका छन भने अधिकांश घरहरुको छाना टायलले छाइएका छन् । पर्यटकहरुको सुविधाको लागि होमस्टे संचालनमा रहेको छ ।

गाउँभित्र ढुङ्गा विछ्याएर बाटो चिटिक्क पारिएको छ । त्यस्तै डबली पुनर्निमाण गर्नुका साथै गाउँमा रहेको ऐतिहासिक मन्दिरलाई आकर्षक बनाइएको छ । यी कार्यहरुका लागि नेपाल सरकारले रु. ७५ लाख उपलब्ध गराएको थियो ।



# आहा !

# डाँडाबास पार्क

त्रिभुवन राजपथको शिखरकोटनजिक दोवाटोबाट दामन-डाँडाबास सडकको झण्डै १२ किलोमिटर यात्रा तय गरेपछि डाँडाबास पुगिन्छ । थाहानगरको ३ नं. वडा कालीभन्ज्याङ (घर्तिखोला सिरान) पार गर्दैगर्दा एउटा नयाँपनको आभाष हुनेछ, जसले हामीलाई डाँडाबास पुऱ्याउँछ । थाहा नगर पालिका र कैलाश गाउँपालिकाको सीमानामा पर्छ यो ठाउँ । सडकको एकातिर थाहा, अर्कोतिर कैलाश ।

यही डाँडाबाट उत्तरी नेपालका श्वेत हिमश्रृङ्खलाहरु नाङ्गै आँखाले देख्न सकिन्छ ।

डाँडाबासमा रहेको सहिद पार्क निर्माणाधीन छ । डाँडामा रहेको सुन्दर बजार डाँडाबाससँगै रहेको कोणधारी सल्लाका हरिया रुखहरुको वक्षस्थलमाा यो पार्क निर्माण भइरहेको छ । सुन्दर प्राकृतिक छटा र दृश्यावलोकनको लागि अति नै उपयुक्त भएकोले यहाँ दिनहुँ मानिसहरु आएर रमाउने गर्दछन् । पिकनिकको लागि यो क्षेत्र निकै कहलिएको छ ।




## विद्यालयमा

# बस आएपछि...

थाहा नगरको पुरानो हाइस्कूल जनकल्याण माविमा पढ्न आउने विद्यार्थीहरुलाई निकै सास्ती थियो । कारण-यातायातको असुविधा । ३-४ घण्टासम्म पैदल बाटोको कारण विद्यार्थीलाई निकै असहजता थियो ।

अहिले सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले आइचर कम्पनीको स्कूल बस उपलब्ध गराएपछि भने विद्यार्थीहरुलाई ती दिन कथाजस्तो भएको छ । टाढाका विद्यार्थीहरु बसमा हुइकिँदै विद्यालय आउँछन् ।

विद्यालयमा बस आएपछि खासगरी बज्रवाराही र दामन क्षेत्रका विद्यार्थी लाभान्वित भएका छन् । बस सुविधा भएपछि दामन भित्रका विद्यार्थीलाई विहान उठ्नेवित्तिकै खाना खाएर दौडनु पर्ने बाध्यता हटेको छ ।

# वडाले दियो ब्याडको बोका

कृषकहरुलाई व्यवसायिक बाख्रापालनतर्फ आकर्षित गर्ने उद्धेश्यले थाहा नगरपालिका वडा नम्बर १२ कार्यालयले ब्याडको बोका उपलब्ध गराएको छ । समूहगत रुपमा कृषकहरुलाई ब्याडको बोकाको साथमा पाठीहरुसमेत सहयोग गरेको छ ।

खेतीपातीसँगै बाख्रापालन गराई दुबैबाट पारस्परिक लाभ लिन र कृषकहरुको जीवनस्तर उकास्न वडा कार्यालयले नगरपालिकाबाट प्राप्त बजेट व्यवसायिक बाख्रापालनका लागि विनियोजन गरेको हो ।

स्थानीय बजारमा खसीबोकाको माग अत्याधिक भएको र जुनसुकै बेला बिक्री गर्न सकिने भएकोले कृषकहरु बाख्रापालनतर्फ आकर्षित भएका छन् ।

समूहमार्फत् ब्याडको बोका र पाठीहरु वितरण गर्दा व्यवस्थापनमा सजिलो हुने वडा कार्यालयको अनुभव छ ।







## ड्रिम प्रोजेक्ट

# थाहा पर्यटन पार्क

पर्यटकहरुलाई आकर्षित गरी आन्तरिक आय बढाउन एउटा 'ड्रिम प्रोजेक्ट' त चलाउनै पर्‍यो । यस्तैमा एउटा नगरस्तरीय पर्यटन पार्क बनाउने निधो भयो । डिपिआर तयार भयो र काम अघि बढ्यो । थाहा-४ नयाँगाउँमा अहिले थाहा पर्यटन पार्कले एउटा आकार लिइसकेको अवस्था छ ।

थाहा घुम्न आउने पर्यटकहरु टिकट काटेर पार्कमा प्रवेश गर्न सक्नेछन् । पार्कमा टिकट घर, पार्किङ स्थल, शौचालय, आराम गृह, भ्युटावर, मूल गेट आदिसहित विभिन्न संरचनाहरु त्यार भइसकेका छन् । यही संरचनाभित्र कोशेली घर पनि निर्माण भएको छ ।

प्रदेश सरकार र नगरपालिकाको करिब साढे ५ करोड रुपैयाँ थाहा पर्यटन पार्कमा लगानी परेको छ ।



# ओरोग्य केन्द्रमा सेवा लिने बढ्दै

थाहा नगरपालिकामा जनप्रतिनिधि आएपछि भएका कार्यहरुमध्ये एक नागरिक आरोग्य सेवा केन्द्रको स्थापना पनि हो । नेपाल सरकारकै कार्यत्रम अनुसार नगरमा आरोग्य केन्द्र सञ्चालनमा आएको हो । ३ नम्बर वडाको शिखरकोटस्थित विकास घरबाट नागरिक आरोग्य केद्रले सेवा दिइरहेको छ ।

नागरिक आरोग्य केन्द्रमा आयुर्वेदिक उपचार पद्धतिबाट उपचार हुन्छ । त्यसैगरी दैनिक परीक्षण तथा आयुर्वेदिक औषधिहरु निःशुल्क वितरण गर्नुका साथै योग अभ्याससम्बन्धी जानकारी दिने गरिएको छ । स्थानीयस्तरमा पाइने जडीबुटीको उपयोग तथा प्रयोग विधिबारे जानकारी पनि दिने गरिएको छ ।

आयुर्वेदिक उपचार पद्धतिबाट उपचार गर्दा अन्य नकारात्मक असरहरु नपर्ने भएकोले सेवाग्राहीहरु यसतर्फ आकर्षित भइरहेका छन् । कोभिड-१९ ले अत्याएको बेला त्यससँग जुध्न आयुर्वेदिक औषधिको उपयोग महत्वपूर्ण हुने थाहा पाएर आरोग्य केन्द्रमा धेरै मानिसहरु आएका थिए ।



## घटना दर्ता

# अनलाइनबाट

थाहा नगरपालिकामा जनप्रतिनिधि आउनेवित्तिकै व्यक्तिगत घटना दर्ताको अनलाइन प्रणाली प्रयोगमा आयो । जिल्लामा अनलाइनबाट घटना दर्ता शुरु गर्नेमा थाहा नगरपालिका पहिलो हो ।

इन्टरनेट नभएका वडाहरुमा क्रमशः विस्तार गर्दै २०७५ फागुन १५ गते पूर्ण अनलाइन घटना दर्ता पालिका बनेको थियो ।

थाहा नगरपालिकाले अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अनलाइन व्यवस्थापन सूचना प्रणाली (एमआईएस)मा इन्ट्री गरेकोमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले सम्मानसमेत गरेको थियो ।



# अब आफ्नै अक्सिजन प्लान्ट

## दमका रोगीलाई निःशुल्क

कोभिड-१९ ले चापेको बेला नगरमा अक्सिजनको हाहाकार भयो । नगरमा अक्सिजन भित्र्याउन निकै हम्मे पर्‍यो । बाहिरबाट ल्याउँदा उति सहज पनि भएन । अनि आफ्नै नगरमा अक्सिजन प्लान्ट स्थापना गर्ने निष्कर्षमा पुगियो ।

अहिले प्लान्टको लागि करिब रु. १ करोडमा ठेक्का सम्झौता भइसकेको छ । यसको लागि प्रदेशको स्वास्थ्य मन्त्रालयबाट रु. १२ लाख रुपैयाँ विनियोजन भइसकेको छ । अक्सिजन उत्पादन सुरु भएपछि नियमित अक्सिजन लगाउनुपर्ने दमका बिरामीहरूलाई निःशुल्क अक्सिजन उपलब्ध गराउन सकिनेछ

# परीक्षणमा चिया बगान

तस्वीरमा देखाइएको चियाको नर्सरी थाहा नगरपालिका वडा नम्बर ११ रमाइलो डाँडानजिकै लेङ्खु डाँडामा स्थापना गरिएको छ । नर्सरीमा चियाका विरुवा सार्नका लागि लहलह भएका छन् । नर्सरीसँगै करिब १०० रोपनी क्षेत्रफलको जग्गामा २५ हजार चियाका विरुवा रोपिएका छन् । लेङ्खु कृषक समूहले यसको रेखदेख र व्यवस्थापन गर्छ ।

अबको केही वर्षमा यहाँ चिया बगान हुने विश्वास गरिएको छ । स्थानीय हावापानीमा चियाको सम्भावनाको परीक्षण पनि हो यो । चिया वगानसँगै पर्यटकहरुलाई आकर्ष गर्न थुम्कामा आराम केन्द्र बनाइएको छ भने थुम्कासम्म पुऱ्याउन सिँढी निर्माण गरिएको छ ।

चिया वगान तथा संरचना निर्माणका लागि अहिलेसम्म वडा कार्यालय तथा नगरपालिकाको समेत गरी रु. १० लाख खर्च भएको छ ।









# वृहद खानेपानी योजना

## ३० करोड ५० लाखको

# सम्झौता

थाहामा जनप्रतिनिधिहरुको एउटा नारा थियो, एक घर-एक धारा । नागरिकहरुको माग र आवश्यकता पनि यही थियो । यसमध्ये केही वडा तथा टोलहरुमा खानेपानीको राम्रै व्यवस्थापन गरियो । वडाको १, २, ३ र ४ नम्बर वडालाई एउटै योजनामा समेटेर लैजान अहिले वृहद खानेपानी आयोजना सम्झौता गरिएको छ ।

खानेपानी मन्त्रालय अन्तर्गत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको साझेदारीमा खानेपानी आयोजना संचालन हुने भएको हो । योजनाको कुल लागत ३० करोड ५० लाख ७८ हजार ३०१ रुपियाँ रहेको छ । आयोजनाबाट चारवटा वडाका २३ हजार २२९ जनसंख्या लाभान्वित हुनेछन् ।

सम्झौता अनुसार आयोजनाका लागि लाभान्वित क्षेत्रका नागरिकले ६ करोड ५ लाख ७४ हजार ६४८ रुपियाँ बराबर श्रमदान गर्नुपर्ने छ भने ३० लाख ५० हजार ७८३ रुपियाँ नगद दाखिला गर्नुपर्ने छ । नागरिकले नगद दाखिला गर्नुपर्ने बजेट भने नगरपालिकाले सहयोग गर्नेछ ।

कुल ५०.२४ किलोमीटर प्रशारण लाइन रहेको आयोजना आर्थिक वर्ष २०८०/०८१ सम्म निर्माण सम्पन्न गर्ने सम्झौता भएको छ । आयोजना अन्तर्गत ३ हजार १४५ वटा व्यक्तिगत धारा, आवश्यकता अनुसार सामदायिक र संस्थागत धारा निर्माण गरिनेछ ।

# विपदमा सामुदायिक शेल्टर



कुनै प्रकारको विपद आइपर्दा सुरक्षित तवरले आश्रय लिनका लागि थाहा नगरपालिकाको वडा नम्बर ११ महाँकालमा सामुदायिक आश्रय घर(शेल्टर) निर्माण गरिएको छ । थाहा नगरपालिकाको पहलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले करिब रु. ४० लाख खर्च गरेर शेल्टर निर्माण गरेको हो । २०७२ सालको भूकम्पबाट पाठ सिकेर गाउँमा विपद गर्दा एक साथ बस्न सकिने गरी शेल्टर निर्माण गरिएको हो । पानी, बिजुली, शौचालयसहितको शेल्टरमा ८ वटा कोठा रहेका छन् ।





# फेरियो डबलीको मुहार



# ढुङ्गेधाराको जीर्णोद्धार

थाहा नगरपालिका वडा नम्बर २ मा जीर्ण अवस्थामा रहेको मध्यकालीन ढुङ्गेधाराको जीर्णोद्धार गरिएको छ । ऐतिहासिक महत्व बोकेको ढुङ्गेधारा जीर्ण भएपछि नगरपालिकाको पहल र वाग्मती प्रदेश सरकारको सहयोगमा जीर्णोद्धार भएको हो ।

थाहानगरमा रहेका ४५ वटा ऐतिहासिक ढुङ्गेधारामध्ये पालुङको डबलीमा रहेको जीर्ण ढुङ्गेधारा मध्यकालमा निर्माण गरिएको मानिन्छ । कालन्तरमा जीर्ण बन्दै गएपछि ४२ मौजाको जिम्मावाल रहेको बेला तोयापानी प्रधानले विसं १९९९ मा उक्त ढुङ्गेधारा जीर्णोद्धार गरी पुनर्निर्माण गरेका थिए । त्यसयता उचित संरक्षणको अभावमा दुईवटै ढुङ्गेधारा जीर्ण बन्दै गएका थिए ।

अहिले जीर्णोद्धारपछि ढुङ्गे धारा पहिलेकै अवस्थामा फर्किएको छ । जीर्णोद्धारका लागि प्रदेश सरकारको रु १६ लाख खर्च भएको थियो ।

ढुङ्गेधारासँगै डबलीमा ढुङ्गा विछ्याएर चिटिक्क पारिएको छ ।



# एकसाथ दुई पक्की पुल

बर्खा लागेपछि थाहाको वडा नम्बर २ र ३ जोड्ने खोलामा बाढी आउँदा २ नम्बर मात्र होइन, त्यसभन्दा परसम्मका धेरै मानिसहरुको नगर केन्द्रसम्मको सम्पर्क नै टुट्ने गरेको थियो । घर्तिखोलामा आउने बाढीका कारण नागरिकहरुसँगको सम्पर्कमात्र टुट्ने होइन, खेतबारीमा उत्पादित तरकारी बजार सम्म पुर्‍याउन नपाउँदा किसानहरुको करोडौं रकम बाढीले लैजाने गरेको थियो । त्यही भएको कारण खोला पारीका किसान वर्षा लागेपछि सँधै त्राहीमाम हुन्थे ।

थाहा नगरपालिकाले प्रदेश सरकारसमक्ष पहल गरेपछि अहिले एउटै खोलाको दुई ठाउँमा पक्की मोटरेबल पुल बनिरहेको छ । घर्तिखोलाको भुङ्दल र इन्द्रायणी चौर सिरानमा पुल निर्माण कार्य भइरहेको छ ।

पूर्वाधार विकास कार्यालय बागमती प्रदेशबाट ठेक्का भई अघि बढेको निर्माण कार्य अहिले अन्तिम चरणमा छ । प्रदेश सरकारले दुईवटा पुलका लागि रु. आठ करोड खर्च गरेको छ ।





# कक्षा : पहिले पाँच अहिले आठ

पाँच कक्षापछि माथिको कक्षा पढ्न घरदेखि टाढा हिँडेर जानुपर्ने भएपछि धेरैले पढाइ नै छाड्न थाले । जसोतसो टाढाको विद्यालय पुग्नेहरु पनि कक्षामा नियमित हुन सकेनन् । यस्तो भएपछि थाहा नगरपालिका वडा नम्बर ११ कार्यालयले साविकको विद्यालयमै कक्षा थप्न सके विद्यार्थीहरुको पढाइले निरन्तरता पाउने निष्कर्ष निकाल्यो ।

वडास्तरीय शिक्षा समितिको पहलमा नगर शिक्षा समितिले वडा नम्बर ११ मा कक्षा ५ सम्म सञ्चालित महाँकाल प्राथमिक विद्यालयलाई कक्षा ८ सम्म सञ्चालनको लागि स्वीकृति दिन सिफारिस गऱ्यो ।

महाँकाल आधारभूत विद्यालयमै कक्षा ८ सम्म पढाइ हुन थालेपछि अहिले विद्यार्थीलाई सुविधा पुगेको छ । विद्यार्थीहरु कक्षामा नियमित उपस्थित हुन्छन् । नजिकै पढ्न पाउँदा उनीहरुको समयको पनि बचत भएको छ ।

अहिले यो विद्यालयमा नयाँ भवनसमेत निर्माण गरिएको छ ।





# राष्ट्रिय विभूति पार्क

नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरेर मकवानपुर जिल्लाका ३० वटा पर्यटकीय गन्तव्य पहिचान गरिएको थियो । जिल्लाको ३० पर्यटकीय गन्तव्यमध्ये परेको राष्ट्रिय विभूति पार्क यही हो । यसलाई सबैले मूलाबारी चौर भनेर चिन्दछन् । यो ठाउँ नगरको वडा नम्बर ६, ११ र १२ नम्बरको बीचमा पर्दछ ।

मूलाबारी चौरमा नेपाल एकीकरणका अभियन्ता गोरखाका राजा पृथ्वीनारायण शाह मकवानपुर जाने क्रममा उनको समूहले मूला खेती गरेको थियो । त्यही बेलादेखि यसलाई मूलाबारी चौर भनिएको हो ।

अहिले यहाँ राष्ट्रिय विभूति पार्क निर्माण भइरहेको छ । विभूति पार्कमा नेपालका सबै राष्ट्रिय विभूतिहरुको प्रतिमा राखिनेछ ।

यसको लागि प्रदेश सरकारले वर्षेनी बजेट विनियोजन गर्ने गरेको छ । पार्कमा अहिले पनि पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ ।



# युवाहरुले सिके धिमे बाजा

थाहा नगरपालिका वडा नम्बर २ पालुङका युवाहरुले परम्परागत धिमे बाजा बजाउन सिकेका छन् । परम्परागत धिमे बाजा सिकाउन किर्तिपुरबाट गुरुहरु झिकाइएको थियो ।

परम्परा र संस्कृति जोगाउने काम ज्येष्ठ नागरिकहरुको मात्र होकी भन्ने प्रश्न उब्जिरहेको बेला एउटै गाउँका २५ जना युवाहरुले कला सिक्नु त यसै पनि महत्वपूर्ण हुँदै हो, थप महत्वचाहिँ यो सीप महिला युवाहरुले पनि सिकेका छन् ।

यसअघि यहाँ महिलाहरुले बाजा बजाउनु हुँदैन भन्ने मान्यता रही आएको थियो । यो सोच हटाउन स्थानीय ज्येष्ठ नागरिकहरुलाई पनि सम्झाउनु परेको थियो ।

युवाहरुले धिमेसँगै बाँसुरी पनि सिकेका छन् । अहिले गाउँमा नेवारी परम्परा र पर्वहरुमा मात्र होइन, नगरका अन्य कार्यक्रमहरुमा पनि उनीहरुलाई बाजा बजाउन बोलाउने गरिएको छ ।






# गाउँको सीप गाउँमै व्यवसाय

हातमा घरेलु सीप भएका महिलाहरुको लागि सुविधा केन्द्र स्थापना गरिएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरको रु. १० लाखको बजेटमा केन्द्रको भवन निर्माण गरिएको हो । थाहा नगरपालिका वडा नम्बर ११ देउरालीमा साभा सुविधा केन्द्र स्थापना गरेर नगरपालिकाले हातमा सीप भएका महिलाहरुका लागि स्वरोजगारमुलक व्यवसाय सञ्चालनको वातावरण बनाएको हो ।

स्थानीय उद्यमी महिलाहरुले चकटी, डाला, गलैँचा, मुडा लगायत आफूले बनाएका सामग्री सुविधा केन्द्रमा राखेर बिक्री गर्न सक्छन् ।



# वडामै आइसोलेशन

कोभिड-१९ लाई नगरमा कसरी व्यवस्थापन गर्ने र महामारीको बेला थाहा नगरमा यसको नियन्त्रण कसरी गर्ने भन्ने चिन्ता सँधै भइरह्यो । कोभिड व्यवस्थापनका लागि नगरमा सबै खालका संयन्त्रहरु बनाइए । वडाहरुले कोभिड नियन्त्रण र व्वस्थापनका लागि विशेष तदारुकता देखाए । यही मेसोमा बन्यो आइसोलेशन वार्ड ।

थाहा नगरपालिका वडा नं १ र ७ मा कोरोना संक्रमितहरुको उपचारार्थ आइसोलेशन तयार भयो ।

होम आइसोलेशनमा बस्न समस्या भएकालाई यी सामुदायिक आइसोलेशनमा बस्न स्थानीयलाई निकै सहज भएको थियो ।



# जोनले दिएको खुशी

प्रधानमन्त्री कृषि आधुनिक परियोजना, परियोजना कार्यान्वयन इकाई (तरकारी जोन) थाहा नगरपालिका शिखरकोटले यो अवधिमा थाहा नगरपालिकामा सक्दो टेवा पुऱ्यायो । उसको आफ्नो कार्य क्षेत्रका कृषकहरुका लागि विभिन्न ९ थरीका अनुदान कार्यक्रम नै ल्याएको थियो । कृषि क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग गर्दै कृषकहरुलाई अधिकतम लाभ प्रदान गर्नु उसको खास उद्धेश्य हो ।

कृषक समूह, कृषक सहकारी, कृषि/उद्यमी फर्म तथा जल उपभोक्ता समिति, शिक्षालय लगायतलाई जोनले प्रत्येक वर्ष उल्लेख्य सहयोग गर्दै रह्यो । लागत सहभागितामा बीउ स्रोत केन्द्र स्थापना, नर्सरी स्रोत केन्द्र स्थापना, सहकारी सञ्जाल मार्फत कृषि उपजको बजारीकरणमा सहयोग, कृषि यान्त्रीकीकरणमा सहयोग, अस्थायी प्लास्टिक घर निर्माण, प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम, सिँचाइ पूर्वाधार निर्माण, उद्योग स्थापना र पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रमजस्ता विविध कार्यक्रमबाट स्थानीय आय आर्जनमा जोनको भूमिका रह्यो ।

कार्यक्रममा 'डुप्लिकेशन' नहोस् भनेर नगरपालिकाको सदैव समन्वय रहेको थियो ।




# वडाको बजेट २०० परिवारलाई स्वास्थ्य बीमा

थाहा नगरपालिका वडा नम्बर ११ कार्यालयले वडाका करिब २०० परिवारलाई नि:शुल्क स्वास्थ्य बीमा गरिदिएको छ । ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएक व्यक्ति र दलित परिवारलाई लक्षित गरी स्वास्थ्य बीमा गरिएको हो ।

परिवारका पाँच जनासम्मको स्वास्थ्य बीमा गरेर बीमा कार्डसमेत वितरण गरिएको छ । बीमामार्फत् वार्षिक औषधि र उपचारमा प्रति परिवार रु एक लाखसम्म खर्च सुविधा पाइन्छ ।

बिरामी भइहाले उपचार गर्न सक्ने अवस्थामा नै नरहेका परिवारको स्वास्थ्योपचारमा पहुँच पुऱ्याउने उद्देश्यले वडा कार्यालयले नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गरेको हो । यसका लागि वडाको बजेटबाट रु. पाँच लाख खर्च गरिएको छ ।

वडा कार्यालयले वर्षेनी वडाका ज्येष्ठ नागरिकहरुलाई सम्मानसमेत गर्ने गरेको छ ।




कोभिड-१९

# दिनदिनै हिसाब

थाहा नगरपालिकाले कोभिड-१९ व्यवस्थापनका क्रममा भएको आम्दानी र खर्चको हिसाब दिनहुँ सार्वजनिक गर्ने गरेको थियो । यसको लागि नगरपालिकाको वेबसाइट र स्थानीय सञ्चार गृहलाई माध्यम बनाइएको थियो । पहिले थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्टले पनि भित्तामा टाँसेर हिसाब सार्वजनिक गर्ने गरेका थिए । विष्टकै योगदानस्वरुप थाहा नगर पालिका नामाकरण भएको थियो ।सोही अनुसार विष्टकै बाटोमा हिँड्दै नगरपालिकाले आर्थिक सुशासन र पारिदर्शिताको बाटो लिएको थियो ।

दैनिक हिसाबसहित कोभिड-१९ व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण दैनिक रुपमा सार्वजनिक गर्ने थाहा नगरपालिका मकवानपुरकै एक मात्र स्थानीय तह हो । थाहाले नगद आम्दानी र खर्चको मात्र हिसाब सार्वजनिक नगरी जिन्सी रुपमा प्राप्त आम्दानीसमेत बाँधेर सार्वजनिक गर्ने गरेको थियो ।



# प्रहरीलाई पक्की घर

विसं २०७२ को गोर्खा भूकम्पले भवन भत्काएपछि मकवानपुर को पर्यटकीय क्षेत्र सीमभन्ज्याङमा रहेको प्रहरी चौकी 'टेन्ट'को ओत लाग्न बाध्य भयो। उसै त बाह्रैमहिना जाडो हुने दुई हजार ६०० मिटर उचाइको डाँडा, वर्षायाममा पानी चुहेर झनै बसिनसक्नु। आम समुदायको सुरक्षामा खटिनुपर्ने प्रहरी आफैं असुरक्षित भएर पनि काममा खटिएकै थिए। यसरी नै सीमभन्ज्याङ प्रहरी चौकीका प्रहरीले पाँच वर्ष काटे। अहिले भने उनीहरुलाई त्यो समस्या छैन। प्रहरी चौकीले नयाँ पक्की घर पाएको छ।

बागमती प्रदेश सरकारले मर्मत-सम्भारको लागि भनेर दिएको रु तीन लाख र नगरपालिकाको रु चार लाख गरी जम्मा रु सात लाखले चार कोठाको पक्की भवन बनाइएको हो। थाहा नगरपालिकामा इन्टरलक इँटा उत्पादन गरेर भूकम्पपीडितलाई सस्तो मूल्यमा उपलब्ध गराउँदै आएका स्थानीय युवा दीपक हमालले रु. सात लाखमै भवन बनाउने जिम्मा लिएका थिए।



# पुरातत्व विभागको आँखामा अशोक चैत्य

भारतका तत्कालीन सम्राट अशोक नेपाल भ्रमणमा आउँदा स्थापना गर्न लगाएको चित्लाङको माझगाउँस्थित चैत्य जीर्ण बन्दै गएकोमा पुरातत्व विभागको आँखा परेको छ । विभागको रु. २० लाख सहयोगमा चैत्यको मर्मत कार्य भइरहेको छ ।

ऐतिहासिक चित्लाङ गाउँको नामाकरण यही चैत्यबाट भएको मानिन्छ । नेवारी भाषामा 'चैत्य ल्वहँ' अर्थात चैत्य ढुङ्गाबाट अप्रभंश भई यस स्थानको नाम चित्लाङ रहन गएको जनबोली पाइन्छ । अशोकका साथमा यही बाटो भएर उहाँकी छोरी चारुमति नेपाल आएको र चित्लाङमा बास वसेको स्थानीय बासिन्दाको भनाइ छ ।

त्यसैबेला चित्लाङमा चैत्य निर्माण गरिएको र काठमाडौंको चाहविलमा चारुमति विहार निर्माण गर्न लगाएको ऐतिहासिक कथन छ ।



## वडाको बजेट कृषिमा

# समूहलाई हाते ट्याक्टर

थाहा नगरपालिकाको १२ नम्बर वडा कार्यालयले वडामा कृषिमा यान्त्रीकरणअन्तर्गत् वडाका कृषक समूहहरुलाई अनुदानमा हाते ट्याक्टर वितरण गरेको छ ।

वडा कार्यालयले दुईपटक गरी १५ वटा हाते ट्याक्टर वितरण गरेको हो । पहिलो वर्ष ५० प्रतिशत अनुदान र दोस्रो वर्ष ७५ प्रतिशत अनुदानमा ट्याक्टर वितरण गरिएको हो ।

विभिन्न कृषक समूहमार्फत् वितरण गरिएको ट्याक्टर कृषकहरुले समूहको नियम अनुसार पालैपालो प्रयोग गर्दछन् ।

गाउँमा हलगोरु पाइन छाडेको र महँगो पनि पर्ने भएका कारण वडा कार्यालयले कृषकहरुको सुविधाका लागि वडाकै बजेटबाट अनुदानमा ट्याक्टर वितरण गरेको हो । यसको लागि वडा कार्यालयको रु. ४ लाख पचास हजार खर्च भएको छ ।




# फुटबलमा पालिका च्याम्पियन

थाहा नगरपालिका खेलकुदमा जिल्लामै अब्बल ठहरिँदै आएको छ । चित्लाङमा आयोजना हुने जिल्ला स्तरीय भलिवल प्रतियोगिता, इन्द्रायणी चौरमा आयोजना हुने थाहा गोल्डकप फुटबल प्रतियोगिता, फाँटबजारमा आयोजना हुने विनयबाबू स्मृति भलिवल प्रतियोगिता र कुन्छालमा आयोजना हुने सुनिता स्मृति भलिवल प्रतियोगिता तथा हेटौँडा लगायत अन्य क्षेत्रमा आयोजना हुने विभन्न स्तरको प्रतियोगिताहरुमा थाहा नगर पालिकाको टिम उत्कृष्ट भएको खबर त छ्याप्छ्याप्ती भएकै हो । यही लहरमा पालिकाहरुबीचको फुटबल प्रतियोगितामा नेपालकै पहिलो विजयी पालिकाको रुपमा थाहा नगरपालिकाले इतिहास कायम गरेको छ ।

इतिहासमा नेपालका कुनै जिल्ला वा जिल्लाहरुलाई समेटेर अन्तरपालिका फुटबलको आयोजना गरिएको थियो भने त्यो जिल्ला समन्वय समिति मकवानपुरले आयोजना गरेको फुटबल प्रतियोगिता हो र सो प्रतियोगितामा थाहाले विजय हासिल गऱ्यो ।

प्रतियोगितामा थाहानगरले विजेताको पगरी मात्र होइन, उत्कृष्ट फरवार्ड, उत्कृष्ट मिडफिल्ड र उत्कृष्ट कोचको उपाधिसमेत चुम्न सफल रह्यो ।

प्रतियोगिता जितेर थाहा नगरपालिकाले इतिहासिमै सर्वाधिक राशीको पहिलो पुरस्कार प्राप्त गऱ्यो । नगरपालिकाले प्राप्त गरेको रु. दुई लाख खेलाडीहरुलाई नै प्रदान गरिएको थियो । थाहा नगर पालिकाका खेलाडीहरुको प्रतियोगिता अवधिमा भएका भोजन, आवास लगायतको खर्च सबै नगरपालिकाले व्यहोरेर पुरस्कारमा आएको र कम खेलाडीहरुलाई नै प्रदान गरिएको थियो ।

कार्यक्रमपछि जितको खुशीयालीमा खेलाडीहरुले ऱ्याली निकालेका थिए ।




# आफ्नो वडा आफ्नै कार्यालय

शीर्षक पढिरहँदा वडा कार्यालय वडामै नभएर कहाँ हुन्छ त भन्ने प्रश्न उब्जिन सक्छ । प्रश्न स्वभाविक हो तर उत्तर अस्वभाविक छ । २०७४ सालमा जनप्रतिनिधि आउँदा थाहा नगरपालिका वडा नम्बर १२ को कार्यालय आफ्नो वडामा नभएर छिमेकी वडामा थियो । ११ नम्बर र १२ नम्बर वडा कार्यालय वडा नम्बर ११ नौखण्डेस्थित साविक टिस्टुङ गाविस भवनबाट संयुक्तरुपमा सञ्चालन गरिएको थियो ।

वडा नम्बर १२ का वडाध्यक्ष मानबहादुर स्याङ्तान छिमेकी वडाको भवनमा तीन वर्ष बस्नुभयो । वडाबासीहरु पनि सेवा लिन उतै जान्थे । धादिङ छेउका बासिन्दालाई आफ्नो नजिक वडा कार्यालय नहुँदा निकै असुविधा थियो । वडाध्यक्ष र जनप्रतिनिधि आफ्नै लागि पनि अर्को वडामा गएर काम गर्नुपर्दा सहज महशुस हुन्थेन ।

२०७७ भदौमा आफ्नै वडा कार्यालय भवन तयार भएपछि अहिले जनप्रतिनिधि र जनता सबैलाई सुविस्ता भएको छ । थाहा नगरपालिका र वडा कार्यालयको गरी रु. १७ लाख बजेटमा कार्यालय भवन निर्माण गरिएको हो ।

थाहा-१०६



# घरमा धारा धारामा मिटर

थाहा नगरपालिकाको वडा नम्बर ५ मा जनप्रतिनिधिहरु आएपछि बल्ल विकासले गति लिन थालेको हो । खानेपानीकै कुरा गर्ने हो भने पनि यहाँ स्थानीय बासिन्दा खानेपानीको अभावमा काकाकुल बनिरहेका थिए । खानेपानीको श्रोतको अभाव थिएन, तर पैसाको अभाव थियो । यो अभावलाई पूरा गर्न जनप्रतिनिधिहरु निकै लागे ।

कतिपय वडाकै श्रोत र कतिपय गैरसरकारी श्रोत जुटाएर अहिले ३१८ घरमा धारा जोडिएको छ । त्यसमध्ये प्लानको सहयोगमा सिरानघर खट्का टोलमा २२ घरमा र वडा कार्यालय, तल्लो सानोफाकल, चिलवन मार्खुको १२ घरसहित ५७ घर र सानोफाकलमा मुलाबारी खोनेपानी आयोजनाअन्तर्गत् ३८ घरमा गरी ११७ घरको धारामा मिटर जोडिएको छ ।

ठूलोफाकल चौतारामा अमेरिकन रेडक्रसले १५० घरमा पुग्नेगरी धारा निर्माण गरिदिएको छ ।



# चित्लाङको कथा बोल्ने




**समयत्रममा ढुङ्गेधारा जीर्ण बन्दै गएको र संरचनाहरू बिग्रदै गएकोले पुन: निर्माण गरी संरक्षण गरिएको छ ।**


थाहाको चित्लाङस्थित गोल भा: को सात धारा निकै ऐतिहासिक मानिन्छ । काठमाडौँको स्वशासित क्षेत्रको रुपमा रहेको चित्लाङ-टिस्टुङ-पालुङ क्षेत्रको राजकाज गर्ने गरी राजा उदयदेवले हाल सातधारा रहेको क्षेत्रमा दरवार बनाएको र सोही क्रममा सात धारा निर्माण गरेको किंवदन्ती छ ।


पौराणिक कथनअनुसार द्वापर युगमा शोणितपुर भनिने हालको थानकोट क्षेत्रलाई राजधानी बनाएर राजा वाणाशुरले शासन गर्दथे । वाणाशुर आफ्नो रानीसहित मेल चौँ अर्थात् मृगस्थली डाँडामा विहार गर्न आउने क्रममा उहाँकी पुत्री उषामायालाई स्नान गर्नका लागि सातधारा निर्माण गरिएको थियो । राजा अंशुबर्माका छोरा उदयदेवको शिलालेख चित्लाङमा भेटिएकाले यी धाराहरु पनि त्यसैबेला बनेको स्थानीयहरुको अनुमान छ ।

समयत्रममा ढुङ्गेधारा जीर्ण बन्दै गएको र संरचनाहरु विग्रदै गएकोले नगरपालिकाको पहलमा पुन: निर्माण गरी संरक्षण गरिएको छ ।

बागमती प्रदेश सरकारको रु. २६ लाख र पर्यटन बोर्डको रु. १० लाखमा ढुङ्गे धारा पुनर्निर्माण गरी चिटिक्क पारिएको छ । प्रदेश सरकारकै रु. ६० लाखमा धारासँगै पोखरी निर्माणको काम पनि भइरहेको छ । गणेशमान सिंह मार्गको मूल सडकदेखि सात धारासम्म जाने गोरेटो बाटो पनि निर्माण गरिएको छ ।

# तस्वीरमा थाहा-८










# तस्वीरमा थाहा-८







# तस्वीरमा थाहा-७













# तस्वीरमा थाहा-७









थाहा-नोट